Basingstoke and Deane

Basingstoke Voluntary Services

Basingstoke Multicultural Forum

# बेजिङ्गस्टोक र डिनमा बसोबास गर्ने तथा काम गर्ने













# यस निर्देशिका पूस्तक भित्र के छन् त ?


स्वागतम तथा पहिलो प्राथमिकताहरु ३

सूचना तथा सहयोग ४

यूकेमा प्रवेश गर्ने तथा बसोबास गर्ने ९

यूकेमा काम गर्ने ९

महत्वपूर्ण कागजी काम १३

पैसा र बैंक १४

बास स्थान (घर) को व्यवस्था १८

ड्राईभिङ्ग २३

विद्यालयहरु र सिकाई २५

बेजिङ्गस्टकमा यात्राको व्यवस्था ३०

स्वस्थ्य सेवाहरु ३१

सुरक्षितसंग रहने ३२

आकस्मीक सेवाहरु ३४

स्वंयसेवी ३५

व्यवसाय विकास र इन्टरप्राइज एजेन्सीहरु ३६

संलग्न हुने ३८

काला तथा इथनिक माइनोरिटि समुदायका मानिसहरुलाई उपलब्ध हुने सेवाहरु ४०

इथनिक माइनोरिटि समुदायका समुहहरु ४१

विश्वासि समुहहरु ४६

विभिन्न इथनिकसमुदायका किराना पसलहरु ४८

# बेजिङ्गस्टोक र डिनमा स्वागतम

यो निर्देशिका बेजिङ्गस्टोक भोलिनटरि सर्भिसेज र  बेजिङ्गस्टक तथा डिन बोरो काउन्सीलका साथै अन्य स्थानिय सेवाहरु प्रदान गर्ने अन्य संस्थाहरुसंगको साझेदारीमा प्रकाशन गरिएको हो । हामिलाई आशा छ उक्त निर्देशिका बेजिङ्गस्टोकको बारेमा बुझ्न तथा यहां आएर बसोबास गर्ने तथा काम गर्ने क्रममा के कस्ता सहयोग कहां पाउन सकिन्छ भन्ने बारेमा जानकारी प्राप्त गर्न सकिने प्रकारको हुनेछ ।

बेजिङ्गस्टोक शहर हेमशायर, ईङ्गल्याण्डको उत्तरपूर्वमा पर्दछ । यसको नजिकमा पर्ने शहरहरुमा विनचेष्टर, रिडिङ्ग र साउथहेम्पटन पर्दछ । लण्डन रेल तथा बसबाट सजिलै पुग्न सकिन्छ । बेजिङ्गस्टोक बेजिङ्गस्टोक र डिनको क्षेत्र पर्दछ साथै बेजिङ्गस्टोक पारलियामेन्ट्री कन्र्सटिच्युएन्सीको क्षेत्र पनि पर्दछ । तपाईले यस क्षेत्रका मुख्य शहरहरु र गाउहरु नक्सामा देख्न सक्नुहुनेछ ।

प्रायजसो मुख्य शहरहरुमा पुस्तकालयहरु छन् जहा निशुल्क कम्प्युटर तथा इन्टरनेटको सुविधा सहित विविध जानकारीहरु चाहिएमा त्यसता सेवाहरु पनि प्राप्त गर्न सकिन्छ । बेजिङ्गस्टोक तथा डिन बोरो काउन्सीलका कार्यालयहरु बेजिङ्गस्टोकमा छन् र त्यहां सिटिजन एडभाइस व्यूरो र टेडलीका कार्यालयहरु पनि छन् ।



















# सूचना तथा सहयोग

## यस निर्देशिकाको प्रयोग गरेर

जब तपाई बेजिङ्गस्टोक र डिनमा आईपुग्नु हुन्छ यस निर्देशिकाले तपाईलाई सहयोग गर्ने छ।

हामिले वर्णनन् गरेका सम्पूर्ण सेवाहरु प्रयोग गर्न सक्नुहुनेछ । तिनिहरु प्रायजसो निशुल्क र गोप्य हुन्छन । यी त्यसता सेवाहरु हुन जो अन्य नवआगन्तुकहरुले महत्वपूर्ण र उपयोगी भएको पाएका छन्।

यस निर्देशिकामा भएका सूचनाहरु प्रायजसो सहि नै हुन्छन तर पनि केहि सूचनाहरु समयक्रमानुसार परिवर्तन पनि हुन सक्छन् त्यसमा केही सावधान हुनुपर्दछ। यस निर्देशिकामा तपाईले इन्टरेटकमा धेरै एडरेसहरु पाउन सक्नुहुनेछ जसले तपाइएलाई ताजा सूचनाहरु उपलब्ध गराउदछ जुन प्रायजसो धेरै भाषाहरुमा उपलब्ध हुन्छ। .

यदि तपाईसंग घरमा इन्टरनेटको पहुंच छैन भने स्थानीय पूस्तकालयमा निशुल्क इन्टरनेटको सेवा उपलब्ध गर्न सक्नुहुनेछ।

यस निर्देशनालय पुस्तकमा पोलिसको रुपान्तरण गरेकोले हामी ईयू वेलकम प्रति आभारी छौ।

ईयू वेलकमले पोलिस तथा अन्य यूरोपियन एट समुदायका लागि रुपान्तरणको सहयोग गर्नका साथै विभिन्न कार्यक्रमहरु संचालन गर्दछ। तिनिहरुलाई निम्न नम्बरमा वा इमेलमा वा वेभसाइटमा सम्पर्क गर्न सकिन्छ। ०७७८६ ३९२८८६ वा 6 or email: euwelcome@yahoo.co.uk
http://www.euwelcome.org/

## तपाईको स्थानीय परिषद (काउन्सील)।

स्थानीय सेवाहरुको बारेमा निःशुल्क जानकारी पाउने एउटा राम्रो ठाउ काउन्सील हो । बेलायत (इङ्गलैण्ड) मा स्थानीय सरकार विभिन्न तहहरुमा संगठित वा व्यवस्थापन गरेको हुन्छ । यस क्षेत्रमा सबैभन्दा स्थानीय पेरिस वा टाउन काउन्सील त्यसपछि बोरो काउन्सील अनि काउन्टी काउन्सील पर्दछ । प्रत्येक काउन्सीलको आ-आफ्नै जिम्मेवारीहरु भएता पनि घरको व्यवस्थापनका लागि, काउन्सील ट्याक्सका लागि, खालि समयको व्यवस्थापनका लागि, खानपिनको सुरक्षा तथा वातावरण स्वास्थ्य सम्बन्धी, खेलकुद सम्बन्धी सूविधाका लागि र फाहोरमैला संकलन तथा रिसाइक्लीङ्गका लागि तपाईले बोरो काउन्सीलसंग सहयोगको लागि सर्म्पक गर्नुपर्दछ ।



बेजिङ्गस्टोक तथा डिन बोरो काउन्सील

सरकारी (सिभिक) कार्यालायहरु

लण्डन रोड

बेजिङ्गस्टोक

आरजि२१ ४एएच

बिहान ८.३० बजे देखि बेलुका ५.३० बजे सम्म, सोमबार देखि विहिबार

बिहान ८.३० बजे देखि बेलुका ४.३० बजे सम्म शुक्रबार (स्विचबोर्ड बेलुका ५ बजे)

बैंक होलिडे मा बन्द हुन्छ ।

टेलिफोन : ०१२५६ ८४४८४४

मिनिकम/टेक्स्टफोन: ०१२५६ ८४५४००

आकास्मिक सेवाका लागि जुनसुकै बेलामा पनि सम्पर्क गर्न सकिने टेलिफोन नम्बर पनि त्यहि नै हो ।

टेक्स्ट: ०७७९७८७७००६

फ्याक्सस ०१२५६ ८४५२००

वेभसाइट: **www.basingstoke.gov.uk**



यस बोरोले भर्खरै नया निर्देशिका पुस्तिका प्रकाशन गरेको छ जसमा काउन्सील तथा अन्य संस्थाहरुकोबारेमा ए देखि जेड सम्मका जानकारीहरु प्रदान गरिएको छ । यस निर्देशिका पूस्तकमा काउन्सीलका आफ्नै सूचनाहरु तथा अन्य संस्थाहरुका सूचनाहरुको बारेमा जानकारीहरु उल्लेख गरिएको छ । जस्तैः स्वास्थ्य सेवाहरु, प्रहरि, घर व्यवस्थापकहरु, स्वंयसेवि तथा च्यारेटि संस्थाहरु ।

## पूस्तकालयहरु

बेजिङ्गस्टोक तथा डिनका पूस्तकालयहरु हेमशायर पूस्तकालय सेवा अर्न्तगत पर्दछ । स्थानीय पूस्तकालयले निःशुल्क इन्टरनेटका सेवा प्रदान गर्नका साथै विभिन्न सल्लाह र जानकारीहरु प्रदान गर्दछ । पूस्तकालयका कर्मचारिहरुले कम्प्यूटरको प्रयोग गर्नका लागि सहयोग गर्दछन साथै स्थानीय कोर्ष तथा विभिन्न विषयमा कसरी योग्यता हासिल गर्ने सम्बन्धमा सल्लाह दिन्छन् । तपाईले समाचार पत्र तथा स्थानीय डाइरेक्ट्रीको पनि प्रयोग गर्न सक्नुहुन्छ । ठूला पूस्तकालयहरु जस्तै बेजिङ्गस्टोकले अन्य भाषाका पूस्तकहरु स्टक (भण्डार) गरेर राख्दछ । सम्पूर्ण पूस्तकालयहरुमा विभिन्न भाषाका पूस्तकहरु तपाईले अर्डर गर्न सक्नुहुनेछ ।

बेजिङ्गस्टोक पूस्तकालय
१९-२०
वेस्टमिनिष्टर
हाउस फेसटिभल
प्यालेस
बेजिङ्गस्टोक
हेमशायर आर
जि २१ ७एल एस
खुल्ने समयः

विहान ९.३० देखि वेलुकि ७.०० बजे सम्म - सोमबार, मंगलबार, बुधवार र शुक्रवार

विहान ९.३० देखि वेलुकि ५.३० बजे सम्म- विहिवार,
विहान ९.३० देखि वेलुकि ४.०० बजे सम्म - शनिवार,
विहान ११.०० देखि वेलुकि ५.०० बजे सम्म - आइतवार

अन्य पूस्तकालयहरु साउथ ह्याम, चिनह्याम, टेडलि, किङ्गसक्लेर, ओभरटोन र विह्टचर्चमा पनि छन् । खुल्ने समय र ठेगाना आदिका बारेमा विस्तृत जानकारीका लागि यस वेभमा हेर्न सक्नुहुनेछ वा फोनमा सम्पर्क गर्नसक्नुहुनेछ : www3.hants.gov.uk/library.htm or call 0845 603 5631

## हेमशाय सूचना केन्द्रहरु

बेजिङ्गस्टोकमा हेमशायर काउन्टी काउन्सीलको एक सूचना केन्द छ जसले यहांहरुलाई आवश्यक पर्ने स्थानीय स्तरका जानकारीहरु उपलब्ध गराउदछ जस्तैः शिक्षा सम्बन्धी, सामाजिक सेवाहरु, पूस्तकालयहरु, कला र लिजर सम्बन्धी आदि ।

**बेजिङ्गस्टोक सूचना केन्द्र**
**१९-२० वेस्ट मिनिष्टर हाउस**
**फेस्टिभल प्यालेस**
**बेजिङ्गस्टोक**
**हेमशायर आर जि २१ ७एल एस**

टेलिफोन ०८४५ ६०३ ५६३८ - अन्य जानकारीका लागि (ह्यान्ट्सडाईरेक्ट सम्पर्क केन्द्र मार्फत सम्पर्क गर्न सक्नुहुनेछ)

खुल्ने समयहरुः

विहान ९.३० देखि वेलुकि ५.३० बजे सम्म - सोमबार देखि शुक्रवार र विहान ९.३० देखि २.०० बजेसम्म - शनिबार

Email: info@hants.gov.uk

अन्य केन्द्रहरुको बारेमा विस्तृत जानकारिका लागि कृपया यस वेभमा हेर्नुहोला www.hants.gov.uk/info

यस सूचना केन्द्रले हेमशायर काउन्टी काउन्सील र यसका सेवाहरुको बारेमा विभिन्न भाषामा ठूलो छापामा, ब्रेलि वा अडियो टेपमा उपलब्ध गराउदछ ।





## सिटिजन एडभाइस व्यूरो (क्याब) (नागरिकलाई सल्लाह दिने निकाय)

राष्ट्रिय सिटिजन एडभाइस छाता संगठन अर्न्तगत प्रत्येक क्याब स्वतन्त्र च्यारेटि संस्था हो। तिनिहरुको वेभसाइटले विभिन्न भाषामा अनुवादित उपयोगि सूचनाहरुको दस्तावेज हेर्न, पढ्न र जानकारी हासिल गर्नका लागि उपलब्ध गराएको हुन्छ www.adviceguide. org.uk. क्याबले तपाइहरुको अधिकार र जिम्मेवारिका साथै इमिग्रेशन, घर व्यवस्थापन, ऋण, बेनिफिट र रोजगार जस्ता ज्यादै गोप्य कुराहरुको बारेमा निःशुल्करुपमा स्वतन्त्र र निष्पक्ष सल्लाह, सुझाव प्रदान गर्दछ।

यस बोरोमा दुईवटा कार्यालयहरु छन्:

**बेजिङ्गस्टोक क्याब**

बेजिङ्गस्टोक क्याबको कार्यालय मुख्य सपिङ्ग सेन्टर (फेस्टिबल प्यालेस) मा अवस्थित बेजिङ्गस्टोक पूस्तकालयमा छ।

वेभसाईट: www.basingstokecab.co.uk

खुल्ने समयहरु:

विहान १०.०० देखि दिउसो ३.३० बजे सम्म - सोमबार, मंगलबार र शुक्रवार
विहान ९.३० देखि ६.३० बजेसम्म - बुधबार

टेलिफोनमार्फत सेवा वा अग्रिम बुकिङ्ग गरेमा विशिष्ट एपोइन्टमेन्टका लागि मात्र  विहान १०.०० बजे देखि मध्यान्हको १२.०० बजेसम्म शनिबार

टेलिफोन सेवा, ड्रप इन र एपोइन्टमेन्ट ०१२५६ ३२२८१४

**टेडलि क्याब**

फ्रेङ्कलिन एभेन्यू
टेडलि
ह्यान्ट्स आरजि२६ ४इटि

टेडलि क्याब बिना एपोइन्टमेन्ट जनसेवाका लागि सोमबार, मंगलबार र शुक्रबार विहान १०.०० बजे देखि दिउसो १.०० बजे सम्म खुल्दछ।

हप्ताको कुनै दिन पनि एपोइन्टमेन्ट बुक गर्न सक्नुहुनेछ सम्पर्क नम्बर: ०११८ ९८१ ७६६०

# यूकेमा प्रवेश तथा बसोबास



धेरै यूरोपियन युनियन (इयू) राष्ट्रहरुका नागरिकहरु यूकेमा आउन र बसोबास गर्न पाउदछन्। ए८ र ए२ का राष्ट्रहरु भर्खरै इयूमा आबद्ध भएका छन्। इयूदेखि बाहेकका राष्ट्रका नागरिकहरुलाई यूकेमा प्रवेश गर्न र बसोबास गर्नमा केहि पावन्दिहरु छन्। तपाईले तपाईको अधिकारको बारेमा यस वेभसाइट मार्फत जानकारी हासिल गर्न सक्नुहुन्छ : [www.directgov.uk/en/RightsAndResponsibilities/](http://www.directgov.uk/en/RightsAndResponsibilities/) Citizensandgovernment/DG_1 0015894.

इमिग्रेशन स्टाटस अलि जटिल विषयवस्तु भएका कारण तपाइलाई इमिग्रेशन सल्लाहकारसंग कुराकानि गर्नुपर्ने हुन सक्छ। तपाईले तपाईको नजिकको सल्लाहकार कम्यूनिटि लिगल सर्भिसेज डाइरेक्टमा सम्पर्क गरेर पत्ता लगाउन सक्नुहुनेछ। सम्पर्क नं. वा वेभसाइट: ०८४५ ३४५ ४ ३४५ [www.clsdirect.org](http://www.clsdirect.org).

### चुनाव (भोटिङ्ग)

यूकेका नागरिकहरु, कमनवेल्थ र रिपब्लिक आईरिस यदि यूकेमा बसोबास गरेमा तिनिहरु सबैको सम्पूर्ण जन चुनावमा मत हाल्ने अधिकार हुन्छ। इयू राज्यका नागरिकहरु यूकेमा बसोबास गर्दछन भने तिनिहरुले राष्ट्रिय प्रतिनिधसभाको चुनाव बाहेक अन्य चुनावहरुमा मत खसाल्न पाउदछन्। तपाईले भोट सूचिमा आफ्नो नाम दर्ता गर्न सक्नुहुन्छ त्यसको लागि बेजिङ्गस्टोक तथा डिन बोरो काउन्सीलको इलेक्ट्रोल सर्भिसेजमा सम्पर्क नं. ०१२५६ ८४५२९८ मा सम्पर्क गर्न सक्नुहुन्छ अथवा आफै लण्डन रोडको सिभिक कार्यालयमा सोमबार देखि विहिबार विहान ९.०० बजे देखि बेलुका ५.०० बजेसम्म र शुक्रबार विहान ९.०० बजे देखि ४.३० बजेसम्म गएर बुझ्न सक्नुहुन्छ।

# यूकेमा रोजगार (काम)

### कामदार दर्ता

यदि तपाई यूकेमा रोजगारदाताको रुपमा एक महिना भन्दा बढि काम गर्न परेमा र पोल्याण्ड, चेक रिपब्लिक, इस्टोनिया, हंगेरि, लातभिया, लिथुनिया, स्लोभाकिया वा स्लोभेनिया, रोमनियाको नागरिक भएमा यूके बोर्डर एजेन्सी अन्तर्गतको वर्कर रेजिष्ट्रेशन स्किममा दर्ता गर्नु पर्दछ।



यदि तपाईले काम गरेको एक महिना भित्र दर्ता गर्नु भएन भने तपाईको रोजगार गैरकानूनि हुन्छ। तपाईले कामदार दर्ता फारम भर्नु पर्दछ र उक्त फारम र फारम भर्ने सहयोगी पुस्तिका, जुन विभिन्न भाषामा उपलब्ध छ, निम्न वेभसाइटबाट डाउनलोड गर्न सक्नु हुन्छ वा निम्न नम्बरमा फोन गरेर फारम मगाउन सक्नुहुन्छ।

www.ukba.homeoffice.gov.uk वा www.bia.homeoffice.gov.uk/workingintheuk/wrs/ 0117 344 1471

## नेशनल ईन्स्यूरेन्स नम्बर (एनआई)

तपाईले यूकेमा काम गर्नका लागि कानूनिरुपमा योग्य हुनै पर्दछ र तपाईसंग काम शुरु गर्नका लागि आफ्नै नेशनल ईन्स्यूरेन्स नम्बर साथमा हुनै पर्दछ। यूकेमा प्राय सबै नागरिकले नेशनल ईन्स्यूरेन्स रकम भुक्तान गर्नुपर्दछ। उक्त रकम सरकारि कोषमा राज्यको प्रयोगको लागि भुक्तान गरिन्छ। यदि तपाई जागिर गर्नुहुन्छ भने तपाईको रोजगारदाताले तपाईको तलब/ज्याला बाट सिधै नेशनल इन्स्यूरेन्स तिरिदिन्छ। यदि तपाई स्व-रोजगार हुनुहुन्छ भने सरकारलाई नेशनल ईन्स्यूरेन्स तिर्ने जिम्मा तपाईको आफ्नै हुने छ।

तपाईले एनआईको लागि स्थानिय जबसेन्टरमा आवश्यकिय जानकारी लिन सक्नुहुनेछ। तपाईको नजिकको सेन्टर क्राउन बिल्डिङ्ग, विनचेष्टर रोड, बेजिङ्गस्टोक आरजि २१ ८इएस वा फोन ०१२५६७२६४०० । तपाईले सेन्टरको फोन ०८४५६०००६४३ मार्फत सिधै भेट्ने समय मिलाउन सक्नुहुनेछ।

विस्तृत जानकारीका लागि वेभ हेर्नुहोस:

www.dwp.gov.uk

## काम खोजि रहनु भएको छ

जबसेन्टर प्लसमा विभिन्न प्रकारका कामहरुको विवरण राखिएको हुन्छ, कामका लागि कसरी निवेदन भर्ने, कसरी अन्तर्वाताको लागि तयारी गर्ने कसरी आफ्नो व्यवसाय शुरु गर्ने आदिको बारेमा सल्लाह दिन्छ। तिनिहरुले सरकारी सुविधाहरु कसरी लिने भन्ने सम्बन्धमा पनि सल्लाह दिन्छन्।



क्राउन विल्डिङ्ग

विन्चेष्टर रोड

बेजिङ्गस्टोक
आरजि २१ ८ इएस
टेलिफोन ०१२५६ ७२६४००

बेजिङ्गस्टोक जबसेन्टर प्लस सोमबार देखि शुक्रबार सम्म बुधबार बाहेक विहान ९ बजे देखि दिउसो ५ बजेसम्म खुल्दछ। बुधबार विहानको १० बजे देखि दिउसो ५ बजे सम्म खुल्दछ। www.jobcentreplus.gov.uk

रिच आउट एउटा समुदायमा आधारित  निशुल्क सेवा प्रदान गर्ने संस्था हो जसलाई वर्क तथा पेन्सन विभागले यूरोपियन सामाजिक कोष २००७-२०१३ मार्फत संचालित गरेको छ। यसले नर्थ हेमशायरमा बसोबास गर्ने योग्य बैश्यकहरु जो आफ्नो सिप र दक्षता विकास गर्न चाहान्छन साथै नयां जागिर पाउन चाहान्छन त्यसता अवसर प्राप्तिका लागि व्यक्तिगतरुपमा सहयोग प्रदान गर्दछ।

यदि तपाईलाई रिच आउटको बारेमा विस्तृतरुपमा जानकारी हासिल गर्न मन लागेमा निम्न व्यक्तिसंग फोनमा सम्पर्क गर्न सक्नुहुनेछ :

हन्नाह फिलिप ०७७१४ ०६४६६४ अथवा

लिन ग्रिमश्ह ०७८३४ ७४३३८०

## श्रमीक दाता / रोजगार निकायहरु

श्रमीक दाताहरुलाई प्रायजसो ग्याङ्गमास्टर्स भन्ने गरिन्छ। तिनिहरुले काम दिने संस्थानहरुलाई सिधै श्रमीक उपलब्ध गराइदिन्छन्। तिनिहरुले त्यसतो कारोबार गर्नका लागि सम्बन्धित निकायबाट अनिवार्यरुपमा अनुमति पत्र (लाइसेन्स) लिएको हुनुपर्दछ र आवश्यकिय मापदण्ड पुरा गरेको हुनुपर्दछ। यदि तपाईलाई न्यायसंगतरुपमा व्यवहार गरेको नलागेमा कम्युनिटि लिगल सर्भिसेजमा सिधै सम्पर्क गर्न सक्नुहुनेछ फोन नं. ०८४५ ३४५ ४ ३४५ अथवा बेजिङ्गस्टोक वा टेड्ली सिटिजन एडभाइस ब्यूरो मार्फत सहयोग लिन सक्नुहुनेछ। सम्पर्क नं. माथि उल्लेख गरिएको नै हो।

रोजगार निकायहरुले आफ्ना कामदारहरुलाई विभिन्न रोजगारदाताकोमा काम दिलाउदछ। कम्पनिहरुले एजेन्सिलाई कामदार दिएबापत शुल्क तिर्दछ।  तपाई चाहे एजेन्सि मार्फत काम गर्नुहोस वा सिधै कम्पनिहरुमा काम गर्नुहोस जताबाट काम गरे पनि तपाई आफ्नो अधिकारको प्रयोग गर्न पाउनुहुनेछ र साथै त्सलाई रोजगार सम्बन्धी कानूनले सुरक्षित बनाएको हुन्छ।

बेजिङ्गस्टोकमा धेरै रोजगार एजेन्सिहरु (निकायहरु) छन्। धेरै जसो लण्डन रोड, वोटे स्ट्रिट र विनचेष्टर स्ट्रिटको नजिक टप टाउन सेन्टरमा स्थित छन्।




## रोजगार सम्झौता

जब तपाई काम शुरु गर्नुहुन्छ त्यसबेला तपाईलाई रोजगार सम्बन्धी सम्झौता पत्र दिइन्छ। यो एक प्रकारको तपाई र तपाईको रोजगारदाता विचको लिखत सम्झौता हो। सम्झौताको बुदाहरुमा तपाई र तपाईको रोजगारदाताको जिम्मेवारी र अधिकारहरु उल्लेख गरिएको हुन्छ जसलाई अंग्रेजीमा टर्म अफ कन्ट्राक्ट भनिन्छ। तपाइको निम्नतम कामको घण्टा, ज्याला दर वा तलब, वर्षमा पाइने छुट्टि, कामको विचमा पाइने ब्रेक समय, तपाइको मुख्य काम र जिम्मेवारीहरु आदि सबै कुरा लिखतमा तपाईलाई दिइनुपर्दछ। रोजागार सम्बन्धी कानून अर्न्तगत तपाईको रोजगारदाताले तपाईलाई काम शुरु गरेको ८ हफ्ता भित्र सम्झौता पत्र जारि गर्नुपर्दछ त्यो समय भन्दा ढिलो गरेमा कानूनको उल्लंघन गरेको ठहरिन्छ।

## राष्ट्रिय निम्नतम ज्याला

यूकेमा जो कोहि पनि काम गर्दछ उसले राष्ट्रिय निम्नतम ज्याला पाएको हुनुपर्दछ। उक्त रकम कामदारको उमेर र रोजगारदाता अनुसार फरक फरक पनि हुनसक्दछ। कुनै रोजगारदाताले निम्नतम ज्याला भन्दा बढि दर पनि दिन सक्दछ।

२००९ अक्टोबर १ तारिखबाट तिन तहमा निम्नतम ज्याला र दर निर्धारण गरिएको छ। ति निम्न लिखित छन् :

- २२ वर्ष वा त्यस भन्दा माथिका उमेर भएका कामदारको ज्याला दर प्रति घण्टा £५.८०
- १८ वर्ष भन्दा माथि र २१ वर्ष भन्दा मुनिका कामदारको ज्याला दर प्रति घण्टा £ ४.८३
- १८ वर्ष भन्दा मुनिका जो अनिवार्यरुपमा विद्यालय जानु नपर्ने श्रेणीका कामदारहरुलाई प्रति घण्टा ज्याला दर £३.५७

www.hmrc.gov.uk/nmw/

यदि तपाईको रोजगारदाताले तपाईलाई राष्ट्रिय न्यूनतम ज्याला दिएको छैन भने सहयोगको लागि यस नं. मा सम्पर्क गर्नुहोस ०८४५ ६००० ६७८ वा निम्न वेभ साइटबाट सहयोगको लागि पुलिसको बारेमा जानकारी पाउन सक्नुहुन्छ :
www.direct.gov.uk/nmw-polish.

## काम गर्ने उमेरको हदबन्दी

हेमशायर काउन्टी काउन्सीलको अनुमति मार्फत विशेष परिस्थितिमा मात्र १३ वर्ष भन्दा मुनिकाहरुले काम गर्न पाउछन्। १३ वर्ष देखि १६ वर्ष उमेरकाहरुले हलुका किसिमका कामहरु मत्र गर्न अनुमति छ जस्तैः समाचारपत्र वितरण गर्ने। १८ वर्ष भन्दा माथिका यूवाहरुको वैश्यकहरुकै जतिको अधिकार छ।

## पेस्लिप (भुक्तान विवरण पत्र) र कटौति रकम

ज्याला भुक्तान गर्ने दिनमा तपाईले लिखित पेस्लिप प्राप्त गर्नुहुनेछ जहां तपाइको ज्यालामा आयकर र एनआई कटौति हुनु अगावै र कटौति पछाडिका विवरण उल्लेख गरिएको हुन्छ। यूकेका सबै जनताले आयकर तिर्दछन र त्यो तपाईले कति आम्दानि गर्नुहुन्छ त्यसमा भर पर्दछ। तपाईको रोजगारदाताले हरेक समय तपाईको आयबाट सहि रकम कटौति गर्नुपर्दछ र ट्याक्स कोड जारि गर्नुपर्दछ जुन तपाईको पेस्लिपमा उल्लेख गरिएको हुन्छ। यदि तपाई स्वरोजगार हुनुहुन्छ भने सहि रकम सिधै सरकारलाई बुझाउने जिम्मेवारी तपाईको आफ्नै हुनेछ।

यदि तपाईलाई तपाईको ज्याला बाट सहि रकम कटौतिमा समस्या भएको जस्तो लागेमा निम्न फोनमा सम्पर्क गरेर सहयोग माग्न सक्नुहुनेछ - ०८४५ ६००० ६७८

## स्वंयसेवी

नयां नयां सिप सिक्नकालागि वा नौलो मानिसहरुसंग भेटघाट गर्नका लागि स्वंयसेवा एक महत्वपूर्ण माध्यम हो। विस्तृत जानकारीका लागि कृपया पाना नं. ३५ मा हेर्नुहोला।

निम्न नं. मा वा इमेलमा भोलिनटियर सेन्टरका संयोजक सारा रविन्सनलाई सम्पर्क गर्न सक्नुहुनेछ। ०१२५६ ४२३८५० वा इमेल :

sarah.robinson@voluntaryservices.com

# महत्वपूर्ण दस्तावेज (पेपरवर्क)

## परिचय प्रमाण पत्र

तपाईको पासपोर्ट आफ्नो परिचयको प्रमाण पेश गर्नका लागि आवश्यक र महत्वपूर्ण हुन्छ। हालसम्म यूकेमा आइडेन्टी कार्ड सम्पूर्ण नागरिककालागि अनिवार्य भईसकेको छैन।

## ठेगानाको प्रमाण

तपाईले कहिलेकाहि आफू बसेको ठेगानाको प्रमाण पेश गर्नुपर्ने हुन्छ जस्तै बैक खाता खोल्न परेमा वा बचत खाता खोल्नका लागि निवेदन दिदा। तपाईले त्सतो बेला ग्यास, पानि, बत्तिको बिल वा घर मालिकको चिठि वा आधिकारिक पत्र जसमा तपाईको ठेगाना खुलेको हुन्छ आदि पेश गर्न सक्नुहुनेछ। तपाईको रोजगारदाताको चिठि प्रायजसो आवश्यक पर्दछ।

## चालकको दस्तावेजहरु (ड्राइभरको डकुमेन्ट)

गाडि चालकसंग जहिले पनि चालक अनुमति पत्र (फुल लाइसेन्स), इन्स्यूरेन्स, गाडि दर्ता प्रमाण पत्र, एमओटि टेस्ट पासको प्रमाण पत्र आदि साथै हुनुपर्दछ। प्रहरिले जुनसुकै बेला पनि सोध्न सक्छन्। विस्तृत जानकारिका लागि पेज नं. २३ मा हेर्नुहोला।

तपाईलाई चाहिन सक्ने अन्य दस्तावेजहरु

- घरभाडाको सम्झौता पत्र
- रोजगारको सम्झौता पत्र
- जन्म दर्ताको प्रमाण पत्र
- विवाह दर्ताको प्रमाण पत्र
- पे स्लिप (ज्याला/तलबको विवरण पत्र)

# पैसा र बैंकिङ्ग



## पैसा

यूकेको पैसालाई पाउण्ड स्टर्लिङ्ग भनिन्छ। यसलाई यस चिन्ह £ बाट चिनिन्छ। यूरो अन्य देशका पैसाहरु चलनचल्तिमा प्रयोग गरिन्दैन। तपाईले अन्य देशका पैसाहरु आफ्नो शहर, वा गाउहरुको बैक, पोष्ट अफिसहरुमा साट्न सक्नुहुने छ।

## पोष्ट अफिसहरु

बेजिङ्गस्टोकको मुख्य पोष्ट अफिस ५-७ लण्डन स्ट्रिट

बेजिङ्गस्टोक

हेमशायर

आर जि २१ ७ए बि मा पर्दछ।

त्याहा थुप्रै साना पोष्ट अफिसहरु छन जसको ठेगाना निम्न वेभ साइट बाट थाहा पाउन सक्नुहुनेछ :

[www.postoffice.co.uk](http://www.postoffice.co.uk)

## बैक खाता सम्बन्धी

बैक खाता खोल्दा तपाईलाई प्लाष्टिकको डेबिट कार्ड उपलब्ध गराएको हुन्छ जसको माध्यमबाट तपाईले सामान खरिद गर्न सक्नुहुन्छ वा अनलाइनमा पनि प्रयोग गर्न सक्नुहुन्छ। बैक खातामा पैसा बचत गर्दा ब्याज पनि प्राप्त गर्नुहुन्छ। बैक मार्फत पैसा घरमा पनि पठाउन सक्नुहुनेछ। धेरै जसो रोजगारदाताहरुले ज्याला सिधै बैक मार्फत भुक्तान गर्दछन्।

बैक खाता खोल्नका लागि तपाइको परिचय पत्र र ठेगानाको प्रमाण पेश गर्नुपर्दछ। बैक मार्फत स्विकृत दस्तावेजहरुमा पासपोर्ट, ड्राईभिङ्ग लाइसेन्स, जन्म दर्ताको प्रमाण पत्र, विवाहको प्रमाण पत्र, घर मालिकको वा रोजगारदाताको पत्र र पे स्लिप आदि हुन्। निम्न वेभ साइटबाट यूकेमा बैंकिङ्ग प्रणाली बारे विस्तृतरुपमा जानकारी हासिल गर्न सक्नुहुने छः

[www.banking-guide.org.uk](http://www.banking-guide.org.uk)

## घरमा पैसा पठाउने बारेमा

केही ट्राभल एजेन्सीहरुले अन्य देशहरुमा पैसा पठाउने कार्य गर्दछन् । पोष्ट अफिसले पनि बैंकिङ्ग तथा पैसा एक देशबाट अर्को देशमा हस्तान्तरणको सेवा प्रदान गर्दछ ।

## क्रेडिट (उधारो) को बारेमा बुझ्ने तथा त्यसको प्रयोगको बारेमा

तपाईले क्रेडिट कार्डको प्रयोग गरेर वा ऋण लिएर सरसामान खरिद गर्न सक्नुहुनेछ । ऋण लिएको रकमको व्याज दर केही बढि र फरक फरक हुन सक्छ । जस जस बाट उधारो लिने स्विकृति पाइएको छ तिनिहरु विचमा कसको व्याज कति पर्छ भनेर तुलना गरेर मात्र ऋण लिनु बेस हुन्छ ।

## हेमशायर क्रेडिट यूनियन

हेमशायर क्रेडिट यूनियन सामुदायमा आधारित बैंक हो । यसले स-साना किसिमका ऋण प्रदान गर्दछ  औसतमा ५०० पाउण्ड देखि ५००० पाउण्ड सम्म ३ वर्षको अवधिमा चुक्ता गर्ने गरि प्रदान गर्दछ । अन्य ऋणदाताहरुको तुलनामा यूनियन बाट ऋण लिएमा ५०० पाउण्ड फिर्ता गर्दा करिब ३०० पाउण्ड जति कम पर्न जान्छ । यो तथ्यांक निम्न वेभ साइटबाट पाइएको हो :

(www.lenderscompared.org.uk).

हेमशायर क्रेडिट यूनियन सर्भिसेजको प्रयोगबाट मानिसहरुले विभिन्न तरिकाबाट पैसा बचत गर्न सक्दछन् ।

यदि तपाईलाई हेमशायर क्रेडिट यूनियन लिमिटेडको बारेमा विस्तृत जानकारी हासिल गर्न परेमा यस वेभसाइट हेर्न सक्नुहुनेछ वा फोन गर्न सक्नुहुनेछ :
www.hampshirecreditunion.co.uk,
or 01256 869589



## वित्तिय सल्लाह र सहयोग

वित्तिय सल्लाह र सहयोगको लागि बेजिङ्गस्टोक क्याब वा टेड्ली क्याबमा सम्पर्क गर्न सक्नुहुनेछ। सम्पर्क विवरण र खुल्ने समय माथि नै उल्लेख गरिसकिएको छ।

## वित्तिय सहयोग र सुविधाहरु

यदि तपाई काम गर्दै हुनुहुन्छ तर आम्दानि ज्यादै न्यून छ भने तपाईले वित्तिय सहयोग, जसलाई कल्याण वा राज्यको सुविधा भनिन्छ, पाउन योग्य हुनुहुन्छ। वर्किङ्गि फेमिलि ट्याक्स क्रेडिट, डिस्एबल (अपाङ्ग) व्यक्तिहरु सम्बन्धी ट्याक्स क्रेडिट, बच्चाको बेनेफिट, घर सम्बन्धी बेनेफिट, काउन्सील ट्याक्स बेनेफिट आदि मुख्य सुविधाहरु काम गर्ने मानिसहरुले प्राप्त गर्दछन्। तपाईले ट्याक्स क्रेडिट र बेनेफिटहरुका बारेमा निम्न वेभसाइट बाट विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।
www.direct.gov.uk/en/MoneyTaxandBenefits

तपाईलाई घर सम्बन्धी सुविधा (हाउजिङ्ग बेनेफिट) र काउन्सील ट्याक्स सम्बन्धी सल्लाह काउन्सीलले दिन्छ। सम्पर्कको लागि इमेल :
info@basingstoke.gov.uk अथवा फोन 01256 810680.

यदि तपाइ अपाङ्ग हुनुहुन्छ वा ज्यादै विरामि भएका कारण काम गर्न असक्षम हुनुहुन्छ भने तपाई वित्तिय सहयोग पाउनका लागि योग्य हुनुहुन्छ। विस्तृत जानकारीका लागि वेभसाइट हेर्न सक्नुहुनेछ
www.disabilityalliance.org.uk वा बेजिङ्गस्टोक अथवा ट्याड ले क्याब मा गई बुझ्न सक्नुहुन्छ सम्पर्क माथि नै उल्लेख गरिएको छ।

यदि तपाई काम गर्नुभएको छैन वा काम खोज्दैहुनुहुन्छ भने तपाईले जब सिकर एलाउन्स वा आम्दानि सहयोग सम्बन्धी दावी गर्न सक्नुहुन्छ। बेजिङ्गस्टोक जबसेन्टर प्लस जबसेन्टर प्लस, क्राउन बिल्डिङ्ग, विनचेष्टर रोड, बेजिङ्गस्टोक, हेमशायर आरजि२१ ८ईएस मा अवस्थित छ, फोन नं. ०१२५६ ७२६४००

# घर व्यवस्थापन गर्ने



## घर (हाउजीङ्ग)

यूकेमा धेरै मानिसहरु निजि घर मालिकबाट घर भाडामा लिएर बस्दछन् । घर भाडामा दिनका लागि स्थानीय समाचारपत्रमा विज्ञापन दिईन्छ जस्तै बेजिङ्गस्टोक ग्याजेट ।

कहिलेकाहि घरमालिकले सिधै भाडामा बस्ने व्यक्तिहरुसंग कुराकानि गर्दछ । घरमालिकले भाडामा बस्ने व्यक्तिहरुसंग इस्टेट एजेन्ट वा हाउजीङ्ग एजेन्सी मार्फत पनि कुराकानि गर्दछ ।

बेजिङ्गस्टोक तथा डिन बोरो काउन्सीलबाट घर प्रदान गर्नेहरुको सूचि पाउन सक्नुहुन्छ । हाउजीङ्ग एशोसिएसन मार्फत घर लिनलाई योग्य हुनुहुन्छ भने पनि तिनिहरुले तपाईलाई उपयुक्त सल्लाह दिन्छन् । तपाईले घर सम्बन्धी कुराकानि गर्नका लागि पार्क ल्याण्ड विल्डिङ्ग,, लण्डन स्ट्रिट अवस्थित बेजिङ्गस्टोकको काउन्सील कार्यालयको हाउजीङ्ग विभागमा सम्पर्क गर्न सक्नुहुनेछ । उक्त कार्यालय खुल्ने समय सोमबार देखि विहिबार सम्म विहान ८.३० बजेदेखि दिउसो ५ बजे सम्म र शुक्रबार विहान ८.३० देखि दिउसो ४.३० बजे सम्म । उक्त विभागका कर्मचारिहरुले हाउजीङ्ग सम्बन्धी विषयमा व्यक्तिगतरुपमा भेटेर वा फोनमा ०१२५६ ८४५३९३ तपाईको प्रश्नको उत्तर दिन्छन । तपाईले काउन्सीलको वेभसाइटबाट पनि जानकारीहरु प्राप्त गर्न सक्नुहुनेछ :

www.basingstoke.gov.uk/housing

यदि तपाईले घर भाडामा लिनुहुन्छ भने घर मालिक वा एजेन्सीले घर भाडा सम्झौत पत्र पनि हस्ताक्षर गर्न दिन्छ जसमा तपाई र घरमालिकका विचमा आ-आफ्नो जिम्मेवारीको सम्झौता गरिएको हुन्छ । विभिन्न प्रकारका सम्झौताहरु हुन्छन र प्रत्येक सम्झौता अन्तर्गत विभिन्न प्रकारका अधिकारहरु हुन्छन् ।

प्रायजसो तपाईले पेश्किकोरुपमा पैसा दिनुपर्दछ जसलाई डिपोजिट भनिन्छ र केही भाडाको पैसा अग्रीम नै दिनुपर्दछ ।  तपाईले सम्झौता उल्लंघन नगरिकन बस्नुभएमा डिपोजिट रकम सम्झौताको समय सिमाको अन्त भएपछि फिर्ता पाउनु हुन्छ ।

## समस्याहरुसंग सामना गर्ने

साधारणतया हाउजीङ्ग सम्बन्धी देखिने समस्याहरु निम्न प्रकारका हुन्छन् ,जस्तै : घरमालिकले घरभाडा सम्बन्धी सम्झौता पत्र नबनाउने, डिपोजिट रकम फिर्ता नदिने , घरमा आवश्यक पर्ने मर्मत संभारका कामहरु समयमा नगर्ने आदि । यस्तो समस्या देखिएमा निशुल्करुपमा काउन्सीलको हाउजीङ्ग टिमले सल्लाह प्रदान गर्दछ त्यसको लागि सम्पर्क नं. ०१२५६ ८४५३९३ अथवा पार्कल्याण्ड विल्डिङ्गको काउन्सीलमा आई छलफल गर्न सक्नुहुने छ ।

यू ट्रष्ट एक सहयोग प्रदान गर्ने संस्था हो यसले मोर्टगेज र घर भाडामा कसरी लिने , अदालतमा कसरी एपोइन्टमेन्ट लिने र उपस्थित हुने, कसरी आफ्नो सरसम्पत्ति र घर सुरक्षित राख्ने आदि बारेमा व्यवहारिक सल्लाह र सुझाव दिन्छ। विस्तृत जानकारी का लागि : www.lifeyouwant.org.uk अथवा सम्पर्क नं. ०१२५६ ४२३८०५

## घरबार विहिन

यदि तपाईसंग बस्नलाई घर छैन वा भएको घर विभिन्न कारणले छुट्न लागेको छ ाभने निःशुल्करुपमा सल्लाह लिनका लागि पार्कल्याण्ड विल्डिङ्गमा स्थित काउन्सीलको हाउजीङ्ग विभागका कर्मचाारिहरुसंग सोमबार देखि विहिबार सम्म विहान ८.३० देखि दिउसो ५.०० बजे सम्म र शुक्रबार विहान ८.३० देखि ४.३० बजे सम्म आई छलफल गर्न सक्नुहुनेछ वा यस फोन नं. ०१२५६ ८४५३९३ मा सम्पर्क गरि छलफल गर्न सक्नुहुनेछ।

वैकल्पिकरुपमा क्यामरोजे रिसोर्स सेन्टरमा पनि गई त्यसको बारेमा छलफल गर्न सकिन्छ (होमलेस इन्फरमेसन रिसोर्स सेन्टर)। क्यामरोजे सेन्टरले मंगलबार र विहिबार विहान १० देखि २ बजे सम्म भेटघाट (ड्रप ईन) सेवा प्रदान गर्दछ (भेट्ने समय दिउसो २.३० देखि दिउसो ४.३० बजे सम्म मात्र)। सेवाहरु :

- सल्लाह र सूचनाहरु
- सहयोग
- लन्ड्री, बाथरुम सेवा, लत्ता कपडा आदि
- निशुल्करुपमा विहानको खाजा (ब्रेकफास्ट) र दिउसोको खाना
- औषधि उपचार सम्बन्धी सुविधा (विहिवार)
- कानको अकुपंचर

३ भिने रोड
बेजिङ्गस्टोक
ह्यान्ट्स आरजि२१ ५एनएल

टेलिफोन : ०१२५६ ३५२१६० (कार्यालय) वा इमेल: email: basingstoke@trinitywinchester.org.uk
lt





लण्डन स्ट्रिट, बेजिङ्गस्टोक आरजि २१ ७एनएक्स स्थित मे प्लेस हाउसले १८ वर्ष भन्दा माथिका बैश्यकहरु जसको घरबार छैन त्यसताहरुका लागि सहयोग र बस्नका लागि २० वटा विस्तारा भएको होस्टेल उपलब्ध गराउदछ। टेलिफोन: ०१२५६ ८४०११०

## काउन्सील ट्याक्स

काउन्सील ट्याक्स एक स्थानीय कर हो जुन प्रहरी सेवा, दमकल सेवा, र फाहोर मैला संकलन सेवा बापत दिइन्छ। उक्त कर स्थानीय काउन्सील मार्फत संकलन गरिन्छ। चाहे तपाईको आफ्नो घर होस वा घरभाडामा लिएर बस्नुहोस तपाईले काउन्सील ट्याक्स तिर्नुपर्दछ। यदि तपाईको आम्दानी न्यून छ वा तपाई एक्लै बस्नुहुन्छ भने तपाई तुलनात्मकरुपमा कम रकम तिर्नका लागि योग्य हुनुहुन्छ।

**काउन्सील ट्याक्स र व्यवसायीक दर सम्बन्धी प्रश्नहरुका लागि निम्न इमेल र फोनमा सम्पर्क राख्न सक्नुहुन्छ :** email: localtax@basingstoke.gov.uk फोन ०१२५६ ३५८५५५

**हाउजीङ्ग र काउन्सील ट्याक्स बेनेफिट सम्बन्धी प्रश्नहरुका लागि इमेल र फोनमा सम्पर्क राख्न राख्न सक्नुहुन्छ :**

email: info@basingstoke.gov.uk फोन ०१२५६ ८१०६८०

**बेनेफिट जालझेल सम्बन्धी प्रश्नहरुका लागि इमेल र फोनमा सम्पर्क राख्न सक्नुहुन्छ :**

email: fraudinvestigators@basingstoke.gov.uk फोन ०१२५६ ८४५३६५

अथवा बेजिङ्गस्टोक र डिन बोरो काउन्सीलको बेनेफिट टिम संग आएर छलफल गर्न सक्नुहुनेछ।

## पानि, ग्यास र बिजुलि बत्ति

पानि कम्पनि मार्फत पानि आपूर्ति गरिन्छ। साधारणतया चिसो पानिको धाराबाट पानि पिउन सकिन्छ यदि पानि पिउदा स्वास्थ्यमा कुनै खरावि हुन्छ भने अग्रीमरुपमा त्यहां त्यसता खाल्का चिन्हहरु राखिएको हुन्छ जसले पानि पिउन हुदैन भन्ने बुझाउदछ। यदि तपाईको घरमा पानिको मिटर जडान गरिएको छ भने मिटरमा जति पानि प्रयोग गरिएको हुन्छ त्यस अनुसारले बिल तिर्नु पर्दछ। यदि मिटर जडान गरिएको छैन भने निश्चित रकम जसलाई पानिको दर भनेर भनिन्छ,,तिर्नु पर्दछ। यदि तपाइसंग तपाईको बिल सम्बन्धी कुनै प्रश्न भएमा यस फोनमा ०८४५ २ ७० १५०८ मा सम्पर्क गर्न सक्नुहुनेछ। ग्यास र बत्ति आपूर्ति गर्ने विभिन्न कम्पनिहरु छन तपाईले तिनिहरुको सेवा र दरको बारेमा यस वेभसाइटमा www.uswitch.com हेरि आफूलाई जुन राम्रो लाग्छ त्यहि छान्न सक्नुहुनेछ।.

यदि तपाई भाडाको घरमा बस्नुभएको छ भने घर मालिकसंगको सम्झौता पत्रमा स्पष्टरुपमा ग्यास, पानि र बत्तिको पैसा कसले तिर्ने भन्ने लेखिएको हुन्छ। यदि घरमालिकले नै तिर्छ भने ठीकै छ हैन भने तपाईले आफै तिर्नुपर्छ र बिल समयमा तिर्नु भएन भने सबैचिजको सुविधा काटिन्छ र साथमा जरिवाना (फाइन) पनि तिर्नु पर्दछ।

यदि तपाईसंग पहिला नै पानि, बत्ति र ग्यासको मिटर रिडिङ्गको विवरण छ भने तपाईले कहिले पुरानो घर छोडेको र कहिले नयां घरमा सरेको सबै लेखेर राख्नु पर्दछ। आपूर्तिकर्तालाई यसको बारेमा जानकारी गराउनुहोस र नयां घरको ठेगाना पनि उपलब्ध गराउनुहोस।

## टेलिफोन

धेरैजसो घरहरुमा पहिलानै टेलिफोन लाईन जडान गरिसकिएको हुन्छ जसलाई ल्याण्ड लाईन पनि भनिन्छ। यदि तपाईलाई नयां लाईन चाहिएमा ब्रिटिश टेलिकम (बिटि) को १५० ४४० मा सम्पर्क गर्न सक्नुहुन्छ वा केवल कम्पनिमा सम्पर्क गर्न सक्नुहुन्छ।

मोबाइल फोनको सेवा दिनका लागि धेरै कम्पनिहरु छन्। प्रायजसो बजारको मुख्य सपिङ्ग सेन्टरमा मोबाइल कम्पनिका पसलहरु देख्न सकिन्छ। मोबाइल फोनको सेवाहरु तिनिहरुको शूल्क र कस्तो योजना प्रस्तुत गर्दछन त्यसमा भर पर्दछ। विभिन्न मोबाइल फोनका सेवा, सुविधा र शूल्कको तुलना गरेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला।

यूकेमा जब तपाई गाडि चलाईरहनुभएको छ त्यसबेला मोबाइल फोन हातमा बोकेर गफ गर्नु भएमा त्यो गैर कानूनि क्रियाकलामा पर्दछ। यदि त्यसो गरेको प्रहरिले देखेमा वा पकडिएमा तपाइले जरिवाना तिर्नुपर्दछ साथै कहिलेकाहि ज्यादै जटिल परिस्थितिको पनि सामना गर्नुपर्ने हुनसक्छ।

## रिसाईक्लिङ र फोहोरमैला फाल्ने

काउन्सीलले फोहोर मैला संकलन गर्दछ तर प्रत्येक घरलाई दिइएको फोहोर मैला फाल्ने बिनमा रिसाइकल गर्न भने सकिन्दैन। तपाइले आफ्नो घरको फोहोर मैला उक्त बिनमा फालेर फोहोर संकलन गर्ने दिन बाहिर छोड्नु पर्दछ। फोहोर मैला दिइएको बिन भन्दा बढि भरेर बाहिर नराख्नुहोला। फोहोर मैला संकलन गर्ने दिन थाहा पाउनका लागि यस फोन नं. ०१२५६ ८४४८४४ मा सम्पर्क गर्नुहोस वा इमेल गर्नुहोस्।
info@basingstoke.gov.uk.





बेजिङ्गस्टोक हाउसहोल्ड कलेक्सन सेन्टर, बेजिङ्गस्टोक, हेमशायर आरजि २४ ८एफएमा आफूले प्रयोग नगर्ने सामाग्रीहरु रिसाइकल वा फ्याक्न सक्नुहुनेछ । तपाइको घरबाट रिसाइक्लिङ गर्ने सामाग्रीहरु काउन्सील आफैले पनि संकलन गर्दछ । रिसाइक्लिङ सामाग्रीहरु खुकुलो गरेर कन्टेनरमा राख्नु पर्दछ । त्यसलाई कालो प्लाष्टिकम बेरेर राख्नु हुदैन् । यसो गरेमा उक्त सामाग्रीलाई रिसाइकल गर्न सजिलो हुन्छ ।

समाचार पत्र, कागज, कार्ड पेपर, म्यागजिन, प्लाष्टिकको बोतल, टिनको बट्टा, क्यान आदि फ्याल्नका लागि हरियो रंगको रिसाइक्लिङ बिनको प्रयोग गर्नुपर्दछ । काउन्सीलबाट के कस्ता सामाग्रीहरु संकलन गरिन्छ भनेर थाहा पाउनका लागि निम्न सम्पर्क नं. वा इमेलमा सम्पर्क गर्न सक्नुहुनेछ - ०१२५६ ८४४८४४ वा info@basingstoke.gov.uk.

कम्युनिटि फर्निचर प्रोजेक्ट मार्फत हटाईएका फर्निचरका सामाग्रीहरु तपाइले लिन सक्नुहुन्छ । यो एक स्थानीय च्यारेटी हो जसले पहिला नै प्रयोग गरिसकिएको फर्निचर, घरका सामाग्रीहरु,, इलेक्ट्रिकल सामाग्रीहरु खेलाउनाहरु आदि सस्तो म’ल्यमा बेजिङ्गस्टोक, व्यूबेरि र वरिपरिका शहर र गाउघरका कम आय भएका मानिसहरुको प्रयोगका लागि प्रर्वद्धन गर्दछ । सम्पर्कका लागि फोन नं. ०१२५६ ३२०७००

## टेलिभिजन लाईसेन्स

प्रसारित टेलिभिजनका कार्यक्रमहरु हेर्न वा रिर्कड गर्नका लागि टेलिभिजन संग सम्बन्धीत कुनैपनि उपकरणहरु जस्तै : टिभि सेट, सेट-टप बक्स, भिडियो वा डिभिडि रेर्कडर र कम्प्युटर वा मोवाइल फोन आदिको प्रयोगका लागि टिभि लाईसेन्स लिनु पर्दछ । तपाईले टिभि लाईसेन्सका लागि अनलाइन www.tvlicensing.co.uk मार्फत पैसा तिर्न सक्नुहुन्छ वा पोष्टअफिस वा कुनै पसल वा पेट्रोल स्टेशन जहा पैसा तिर्न सकिन्छ भन्ने लेखिएको हुन्छ, मार्फत पनि पैसा तिर्न सक्नुहुन्छ । यदि तपाइसंग हालसालैको टिभि लाईसेन्स छैन भने तपाईलाई कोर्टमा लगेर जरिवाना तिराउदछ ।

# ड्राईभिङ्ग

## कार चलाउनु

कार चलाउनका लागि तपाई १७ वर्ष वा त्यो भन्दा माथि हुनै पर्दछ र तपाइको नाममा इन्स्युरेन्स हुनै पर्दछ। रक्सि वा अन्य मादक पदार्थ सेवन गरेर कहिले पनि गाडि चलाउनु हुदैन्।

तपाईले हाइवे कोडको पालना अनिवार्यरुपमा गर्नुपर्दछ। पूस्तकालयहरुमा उक्त कोडका प्रति (कपि) राखिएको हुन्छ वा जुनसुकै किताब पसलमा किन्न पाइन्छ। जुन कार तपाई चलाउनु हुन्छ त्यसमा रोड ट्याक्स, इन्स्यूरेन्स र एमओटि सर्टिफिकेट भएको हुनुपर्दछ।

## चालक अनुमति पत्र (ड्राईभिङ्ग लाइसेन्स)

यूकेमा गाडि चलाउनका लागि १७ वर्ष भन्दा माथिको हुनु पर्दछ र भ्यालिड ड्राईभिङ्ग लाइसेन्स हुनुपर्दछ। यूरोपियन मुलुकको बैधानिक (भ्यालिड) ड्राईभिङ्ग लाइसेन्स भएमा तपाइले यूकेमा गाडि चलाउन सक्नुहुनेछ। निश्चित समयभित्र तपाईले यूरोपियन लाइसेन्सलाई यूकेको लाइसेन्समा परिणत गर्नुपर्दछ। विस्तृत जानकारिका लागि: www.dvla.gov.uk

यदि तपाई १७ वर्ष भन्दा बढि उमेरको हुनुहुन्छ र लाइसेन्स छैन भने तपाईले प्रोभिजनल लाइसेन्सको लागि निवेदन दिएर ड्राईभिङ्ग सिक्न सक्नुहुन्छ। फुल ड्राइभिङ्ग लाइसेन्सका लागि तपाईले ड्राईभिङ्ग टेष्ट पास गर्नुपर्दछ।

## कार राख्नु

यदि गाडि सार्वजनिक बाटोमा कुद्छ भने तिनिहरु सबैको इन्स्यूरेन्स भएको हुनु पर्दछ। यूकेमा जसले गाडि चलाउदछ अनिवार्यरुपमा उसले कम्तिमा पनि थर्ड पार्टि इन्स्यूरेन्स गरेको हुनुपर्दछ। यसले तपाई विरुद्ध गरिने जुनसुकै दाविको सुरक्षा प्रदान गर्दछ। तपाईको गाडिमा भएको क्षतिको क्षतिपूर्ति फूल कम्प्रीहेन्सीभ इन्स्यूरेन्सले तिर्दछ। इन्स्यूरेन्स पोलिसिमा कसको नाममा गाडिको इन्स्यूरेन्स गरिएको छ भन्ने कुरा उल्लेख गरिएको हुन्छ। यदि तपाई बाहेक अन्य कोहिले तपाईको गाडि चलाउछ भने उसको नाममा पनि इन्स्यूरेन्स गरिएको हुनुपर्दछ र पोलिसिमा नाम उल्लेख गरिएको हुनुपर्छ वा तिनिहरुको आफ्नै गाडिमा इन्स्यूरेन्स गरेको हुनुपर्दछ। भ्यालिड इन्स्यूरेन्स बेगर गाडि चलायो भने वा चलाउन दिइयो भने त्यो कानूनको उल्लंघन गरिएको हुन्छ।





३ वर्ष भन्दा पुरानो गाडिले रोडमा चल्न उपयुक्त छ कि छैन भनेर आधिकारिक एमओटि टेष्ट गर्ने ग्यारेजबाट एमओटि टेष्ट गराई सर्टिफिकेट लिनुपर्दछ। उक्त सर्टिफिकेट १२ महिनाको लागि बैधानिक हुन्छ र उक्त समय सिमा पश्चात फेरि एमओटि टेष्ट गराउनु पर्दछ। ३ वर्ष भन्दा पुरानो गाडिले एमओटि टेष्ट नगराएमा कानूनको उल्लंघन गरिएको ठहरिन्छ।

## कारमा टयाक्स

यदि तपाइ कार किन्नु हुन्छ भने तपाइले आफ्नो गाडि डिभिएलए मा दर्ता गर्नुपर्दछ। तपाईको कारमा हालसालैको ट्याक्स डिस्क हुनुपर्दछ। यसलाई ठुलो पोष्ट अफिसमा वा अनलाईन मार्फत www.dft.gov.uk/dvla पनि किन्न सकिन्छ र त्यसतो डिस्क ६ महिनाको लागि वा १२ महिनाको अवधिको हुन्छ। यदि तपाईले ट्याक्स डिस्क राख्नुभएन भने जरिवाना तिर्नु पर्दछ साथै यदि तपाईको गाडिको सिसामा ट्याक्स डिस्क राख्नु भएन भने तपाईको गाडिलाई ताला लगाएर लगिन्छ। ट्याक्स डिस्क लिनका लागि तपाईसंग इन्स्यूरेन्स सर्टिफिकेट र एमओटिको सर्टिफिकेट हुन जरुरि छ।

## सिटबेल्ट सम्बन्धी कानून

गाडि चालक र गाडिमा सवार प्यासेन्जरले अनिवार्यरुपमा सिटबेल्ट लगाउनु पर्दछ। बच्चाहरुलाई तिनिहरुको उमेर र साइज हेरेर बच्चाको सिटमा राख्नु पर्दछ। गाडि चालकले सबै प्यासेन्जरले सिटबेल्ट लगाएको छ छैन याद गर्नुपर्दछ। गाडिमा सिटबेल्ट नलगाइकन गाडिमा सवार हुनु कानूनको उल्लङ्घन गरिएको ठहरिन्छ।

बच्चाहरुको लागि सिटबेल्टका नियमावलिहरु सम्बन्धी विस्तृत जानकारिका लागि निम्न वेभसाइटमा हेर्न सक्नुहुनेछः www.childcarseats.org.uk

# विद्यालयहरु र सिकाई

## अंग्रेजि (इङलिस) सिक्ने

अंग्रेजि भाषा सम्बन्धीको कोर्षलाई प्रायजसो इसोल (इङलिस फर स्पिकर्ष अफ अदर ल्याङवेजेज) भनिन्छ र उक्त भाषा सिक्नकालागि बेजिङ्गस्टोक कलेज अफ टेक्नोलोजि र क्विन मेरिज कलेज बेजिङ्गस्टोकमा उपलब्ध छ।

## स्थानिय कलेजहरु

बेजिङ्गस्टोक कलेज अफ टेक्नोलोजि (बिकट) वर्टिङ रोड बेजिङ्गस्टोक आरजि२१ ८टिएन

टेलिफोन: ०१२५६ ३५४१४१ वा इमेल: email: information@bcot.ac.uk
www.bcot.ac.uk

क्विन मेरिज कलेज (१६ वर्ष भन्दा माथिका लागि)
क्विन मेरिज कलेज क्लिडेसडेन रोड
बेजिङ्गस्टोक आरजि२१ ३एचएफ टेलिफोन: ०१२५६ ४१७५०० वा इमेल: email: info@qmc.ac.uk www.qmc.ac.uk

दुवै कलेजहरुले विभिन्न शैक्षिक विषयहरुमा कक्षा संचालन गर्दछ।

## विद्यायलहरु (स्कूल)

५ वर्ष देखि १६ वर्ष उमेरका बालबालिकाहरुले अनिवार्यरुपमा विद्यालय जानै पर्दछ। यूकेको सरकारी स्कूलहरु निशुल्क हुन्छ तथापि अभिभावकहरुले स्कूल पोशाकको र खेलकुद पोशाक तथा आवश्यक सामाग्रिहरुको लागि पैसा तिर्नु पर्दछ। ज्यून आय भएका अभिभावकहरुले यस्ता खर्चहरुमा सहयोग पाउदछन साथै स्कूल खानाको पनि पैसा तिर्नुपर्दैन्। हेमशायर काउन्टी काउन्सीलले बेजिङ्गस्टोकमा पूर्ण शैक्षिक प्रणाली संचालन गर्दछ। यदि तपाईको बच्चाको उमेर स्कूल जाने छ भने स्थानिय प्राइमरि स्कूल (५ वर्ष देखि १० वर्ष सम्मका लागि) र सेकेण्डरी स्कूल (११ वर्ष देखि १६ वर्ष सम्मका लागि) गएर बुझ्न सक्नुहुनेछ।





चिल्ड्रेन सर्भिसेज काउन्टी अफिसमा सम्पर्क गरेर कुन चाहि नजिकको स्कूल आफ्नो लागि पायक पर्छ थाहा पाउन सकिन्छ (टेलिफोन: ०१९६२ ८४६४५२) . चाइल्ड केयर र अर्लि एजुकेशनकालागि यस फोन नं. मा ०८४५ ६०२ ११२५ र वैश्यक (एडल्ट) र फेमिलि लर्निङका लागि यस फोन नं. ०१९६२ ८४५४७० सम्पर्क गर्न सक्नुहुनेछ वा विस्तृत जानकारीका लागि वेभसाइटमा पनि हेर्न सक्नुहुनेछ www.hants.gov.uk/schools

अभिभावकहरुले आफ्ना प्रत्येक बच्चाको लागि ठाउ पाउन स्कूलमा निवेदन दिनु पर्दछ । स्कूलको कर्मचारिहरुले निवेदन दिनका लागि एडमिसन फर्म भर्नलाई सहयोग गर्दछन् । स्कूलले तपाईलाई बच्चाको पासपोर्ट, भिसा र ठेगानाको प्रमाण माग्दछन् ।

अभिभावकहरुको स्कूलमा संलग्नता स्कूलका कर्मचारिहरुलाई मन पर्दछ र अभिभावकहरुलाई बच्चाको प्रगतिको बारेमा नियमितरुपमा सुसूचित गर्दछ । यदि तपाईको बच्चालाई कुनै पनि प्रकारको कठिनाई स्कूलमा भईरहेको छभने तपाईले स्कूलमा सम्पर्क राख्नुपर्दछ ।

## स्कूलमा बालबालिकालाई सहयोग

जो अंग्रेजी भाषा बोल्दैन वा यूकेको स्कूलको जीवन अंगाल्न गारो भैरहेको छ त्यसता बालबालिकाहरुलाई स्कूलमा सहयोगको व्यवस्था उपलब्ध हुन्छ । त्यसता बालबालिकाहरु जसको लागि अंग्रेजी भाषा नौलो छ वा यूकेको शैक्षिक प्रणाली नौलो छ तिनिहरुलाई हेमशायर इथनिक माइनोरिटि एण्ड ट्राभलर एचिभमेन्ट सर्भिस (इमटास) भन्ने संस्थाले स्कूलसंग सहकारी गरि सहयोग प्रदान गर्दछ । इमटासले अनुवाद गर्न, उल्था गर्न र कक्षामा त्यसता बालबालिकाहरु जसलाई अंग्रेजी भाषा बुझ्न कठिनाई परिरहेको छ तिनिहरुलाई तिनिहरुकै भाषामा सम्झाएर बुझाउने आदि काम गर्न स्कूललाई सहयोग गर्दछ ।

सम्पर्क ठेगाना: एल्डवर्थ साइन्स कलेज, वेष्टर्न वे, बेजिङ्गस्टोक, आरजि२२ ६एचए

टेलिफोन: ०१२५६ ३३०१९५

वेभ ठेगाना: www3.hants.gov.uk/education/ema.htm

## पोलिस भाषा बोल्ने परिवारहरु

पोलिस भाषिहरुका लागि स्कूलको लागेको (टर्म) समयमा शैक्षिक सवालहरुका बारेम केही जिज्ञाशा वा प्रश्न भएमा इमटासले फोन लाइनको सुविधा पनि प्रदान गर्दछ। पोलिस भाषिका लागि फोन सेवा विहिबार दिउसो २.३० बजे देखि ४.३० सम्म उपलब्ध छ। सम्पर्क नं. ०२३ ९२४४ १५२३

## यात्रि वा घुमन्ते समुदायहरु (ट्राभलर कम्युनिटिज)

हेमशायरमा वा हेमशायर भएर जो कोहि पनि ट्रभलरका बालबालिकाहरु आउछन् तिनिहरुको शैक्षिक आवश्यकता पुरा गर्ने गरि इथनिक माइनोरिटि र ट्राभलर एचिभमेन्ट सर्भिसले व्यवस्थापन गर्दै आईरहेको छ। इमटासको उद्देश्य भनेको ट्राभलरका बालबालिकाहरुले राष्ट्रिय पाठ्यक्रमअनुसारको शिक्षामा पहुंच पाएको छ कि छैन भन्ने एकिन गर्दछ।.

एल्डवर्थ साइन्स कलेजमा कृपया सम्पर्क गर्नुहोला। विस्तृतरुपमा ठेगाना माथि उल्लेख गरिएको छ।

## सिकाइमा कमजोर हुने बालबालिकाका अभिभावकहरु

सिकाइमा कमजोर भएका बालबालिकाहरुको अभिभावकहरुले इएमएलडि (इथनिक माइनोरिटि लर्निङ डिसएबिलिटि) मार्फत सहयोग र सूचनाहरु प्राप्त गर्न सकिनछ। उक्त परियोजना १३३ स्टोक रोड, गोसपोर्ट, पिओ१२ १एसडि मा अवस्थित छ। इएमएलडिले त्यसता बालबालिकाहरुलाई दिइने सेवा तथा सुविधाहरुका बारेमा बालबालिका तथा तिनिहरुका परिवारहरुलाई सूचना प्रदान गर्दछ साथै अनुवादन र उल्था गर्ने र वकालतका सेवाहरु पनि प्रदान गर्दछ। अझ बढि जानकारीका लागि इमएलडिको फोन नं. ०७५१५ ०८४०८३ मा सम्पर्क गर्न सक्नुहुन्छ।





प्रि-स्कूल

यदि तपाईको बच्चा ५ वर्ष भन्दा कम उमेरका छन् भने चाइल्डकेयर एडभाइस र इनफरमेसनले शिक्षा सम्बन्धीका सूचनाहरु प्रदान गर्दछ। विस्तृत जानकारीका निम्न वेभसाइटमा हेर्न सक्नुहुनेछ :
www.childcarelink.gov.uk वा www.surestart.gov.uk

पांच वर्ष भन्दा मुनिका बच्चा र तिनिहरुका परिवारलाई विभिन्न किसिमका सेवा तथा सहयोग स्योर स्र्टाट चिल्ड्रेन सेन्टरले प्रदान गर्दछ। मार्च २०१० देखि स्योर स्र्टाट चिल्ड्रेन सेन्टरले बेजिङ्गस्टोकमा सम्पूर्ण समुदायहरुका लागि उपलब्ध छ तर तत्कालका लागि भने यस ठाउमा उपलब्ध छैन्। तत्कालका लागि सेन्टरहरु निम्न ठेगानामा उपलब्ध छन् :

**हनिकोम्ब चिल्ड्रेन्स सेन्टर**

चिल्ट्रेन वे, बेजिङ्गस्टोक, आरजि २२ ५बिबि टेलिफोन ०१२५६ ३३१५७४
इमेल honeycomb.cc@hants.gov.uk
खुल्ने समय विहान ८ बजे देखि बेलुका ६ बजे सम्म सोमबार देखि शुक्रबार र पाक्षिकरुपमा शनिबार विहान ९ बजे देखि दिउसो १ बजे सम्म

**अक्टोपस चिल्ड्रेन सेन्टर**

ओकरिज हल फर अल, फ्रोसिथिया वाक, बेजिङ्गस्टोक आरजि २१ ५आरजि टेलिफोन: ०१२५६ ८१८५१४, फ्याक्स ०१२५६ ४६१०७५, इमेल octopus.cc@hants.gov.uk
खुल्ने समय: विहान ८.३० देखि दिउसो ४.३० बजे सम्म, सोमबार देखि शुक्रबार सम्म

**पेबलेस चिल्ड्रेन सेन्टर**

सेक्सपियर रोड, पोपलि, बेजिङ्गस्टोक आरजि२४ ९बिपि, टेलिफोन: ०१२५६ ३५७०२८, इमेल pebbles.cc@hants.gov.uk खुल्ने समय विहान ८ देखि बेलुका ६ बजे सम्म, सोमबार देखि शुक्रबार सम्म।

**वेष्टसाइड चिल्ड्रेन सेन्टर**

प्याडेक रोड, साउथ ह्याम, बेजिङ्गस्टोक आरजि२२ ६क्यूबि टेलिफोन ०१२५६ ८१८१३६, इमेल westside.cc@hants.gov.uk खुल्ने समय विहान ९ देखि दिउसो ४.३० सम्म, सोमबार देखि शुक्रबार सम्म।

**बटरकप्स चिल्ड्रेन सेन्टर**

मेनोर फिल्ड इन्फ्यान्ट स्कूल, हेयड्न रोड, ब्राइटन हिल, बेजिङ्गस्टोक आरजि२२ ४डिएच, टेलिफोन: ०१२५६ ८१२६१५, इमेल: christine.marsh@hants.gov.uk खुल्ने समय विहान ९ बजे देखि दिउसो ५ बजे सम्म, सोमबार देखि शुक्रबार सम्म ।

बालबालिकाहरुका लागि स्थानिय स्तरमा उपलब्ध सेवाहरुको बारेमा विस्तृत जानकारि लिनका लागि हेमशायर चिल्ड्रेन्स सेन्टर्रसमा सम्पर्क राख्नुहोस ।

टेलिफोन: ०८४५ ६०३ ५६२०, इमेल childcare@hants.gov.uk

खुल्ने समय: विहान ८ देखि बेलुका ८ बजे सम्म, सोमबार देखि शुक्रबार र शनिबार विहान ९.३० देखि दिउसो ४ बजे सम्म ।

## १६ वर्ष भन्दा माथिका उमेर भएकाका लागि शिक्षा

१६ वर्ष पार गरेपछि स्कूलको शिक्षा अनिवार्य छैन तर भविष्यमा यो नियम परिवर्तन पनि हुन सक्छ । उक्त उमेर पश्चात विद्यार्थिहरुले लगातार पढ्ने वा काममा लाग्ने के गर्ने भन्ने बारेमा आफै निर्णय लिन सक्छन् । यदि तिनिहरुले पढ्ने निर्णय लिएमा तिनिहरुले सिक्स्थ फर्म वा अन्य कलेजमा प्रवेश गर्दछन् ।



# बेजिङ्गस्टोकमा यात्रा



## कार

यस बोरोको राष्ट्रिय रोड नेटवर्क लगायत एमथ्रि, एमफो मोटरवेहरु र एथ्रिथ्रि, एथ्रिजिरोथ्रि र एथ्रिफो ट्रंक रोडहरु संग सहजसंग सम्पर्क विस्तार भएको छ । बेजिङ्गस्टोक टाउन सेन्टरको, जहां उत्तम पार्किङको व्यवस्था छ, सबै रोडहरुसंग सजिलै पहुच पुगेको छ ।

## ट्रेन

बेजिङ्गस्टोकमा रेलस्टेशन छ जहाबाट लण्डनका लागि द्रुत गतिमा चल्ने ट्रेन संचालित छ साथै यसले विभिन्न गन्तव्यस्थलमा पुग्ने बाटोहरुविचमा नेटवर्क गर्दछ जस्तै ओभरटन,, विहट्चर्च र ब्रेम्ली ।

नेशनल रेल इन्क्वारिजको वेभसाइट – www.nationalrail.co.uk वा
फोन नं. ०८४५७ ४८४९५०

## बस

बोरो वरिपरि स्टेजकोचको बस रुट संचालनमा छ । र, मुख्य बसको टर्मिनल बस स्टेशन, फेस्टिभल प्यालेस, बेजिङ्गस्टोकमा छ । टेलिफोन नं. ०८४५ १२१ ०१८०

## साइकल

बोरो वरिपरिलाई समेट्ने गरि साइकलको बाटो बनाउदै लगिएको छ । बेजिङ्गस्टोक साइकल नेटवर्क म्यापको माध्यमबाट साइकल चल्ने उत्तम बाटो पत्ता लगाउनुहोस । उक्त म्यापले (नक्सा) शहर वरिपरि भएका र बनिनेवाला साइकलका बाटाहरुको बारेमा देखाउदछ साथै स्थानीय साइकल पार्किङ गर्ने ठाउको बारेमा पनि बताउदछ ।

हेर्नुहोस www.basingstoke.gov.uk/go/cycleroutes
कागजमा लिखित नक्साको लागि सम्पर्क गर्नुहोस इमेल:
peter.smith@basingstoke.gov.uk फोन 01256 845772

## हवाइजहाजस्थल र पानिजहाज स्थल (एयरपोर्ट र पोर्ट)

बेजिङ्गस्टोकबाट एक घण्टाको ड्राइभमा लण्डनको हिथ्रो र लण्डन ग्याटविक एयरपोर्ट र साउथहेम्प्टन र पोर्टसमाउथ सिपोर्ट पुग्न सकिन्छ ।

# स्वास्थ्य सेवा

नेशनल हेल्थ सर्भिस (एनएचएस) ले जनताको स्वास्थ्यको सुरक्षा प्रदान गर्दछ। तपाइ पनि संभवत निशुल्क वा कम लागतमा एनएचएस मार्फत उपचार गराउनलाई योग्य हुन सक्नुहुनेछ।

एनएचएस डाइरेक्ट मार्फत स्वास्थ्य सम्बन्धी सल्लाह र सूचनाहरु प्रदान गर्दछ। अन्य भाषामा उपलब्ध सूचनाहरु हेर्नका लागि वेभसाइट www.nhsdirect.nhs.uk हेर्न सक्नुहुनेछ वा अनुवादकको आवश्यकता परेमा यस फोन नं. 0845 4647 मा सम्पर्क गर्नुहोस।

## डक्टरलाई भेट्ने

तपाई र तपाईको सम्पूर्ण परिवार यूकेमा बसोबास गर्दा नजिकको जेनेरल प्राक्टिसनर (जिपि) मा स्थानीय डक्टरसंग दर्ता गर्नुपर्दछ जसलाई सरजरि भनिन्छ। डक्टरलाई भेट्नु भन्दा अगावै तपाई जिपिमा दर्ता भैसकेको हुनुपर्दछ। तपाईले आफ्नो नजिकको सरजरि पत्ता लगाउनका लागि एलो पेजको डक्टरको पेजमा गएर डक्टरको फोन नं. र ठेगाना टिप्न सक्नुहुनेछ अथवा यस वेभ साइटबाट www.nhsdirect.nhs.uk बेजिङ्गस्टोकको स्थानीय सरजरिको बारेमा थाहा पाउन सक्नुहुनेछ। सरजरिमा दर्ता हुने र एनएचएसबाट उपचार गराउदा पैसा तिर्नुपर्दैन तर औषधि खरिद गर्दा त्यसको पैसा तिर्नु पर्दछ।

यदि तपाईलाई राति वा शनिबार, आइतबारका दिन डक्टरलाई भेट्नुपरेमा सरजरिमा टेलिफोन गर्नुहोस। त्यसरी फोन गर्दा मेशिनले डक्टरलाई कसरी भेट्न सकिन्छ भनेर बताउदछ। आकस्मिक परिस्थितिमा इमरजेन्सि नम्बर ९९९ मा सम्पर्क गर्नुहोस वा स्थानीय हस्पिटलको एक्सिडेन्ट एण्ड इमरजेन्सि (ए एण्ड इ) विभागमा जान सक्नुहुन्छ। नजिकको ए एण्ड इ बेजिङ्गस्टोक एण्ड नर्थ हेमशायर एनएचएस फाउन्डेसन ट्रष्ट (हस्पिटल), एलर्डमास्टन रोड, बेजिङ्गस्टोक, हेमशायर, आरजि२४ ९एनए, मा छ , सम्पर्क नं. ०१२५६ ४७३२०२, वेभसाइट: www.northhampshire.nhs.uk





## आइकास (आइसिएएस)

आइकास एक निशुल्क सेवा हो यसले एनएचएस उपचारको क्रममा तपाइलाई केही गुनासाहरु, चाहे त्यो जिपि, डेनटिस्ट, हस्पिटल वा प्राइमरि केयर ट्रष्ट, मेन्टल हेल्थ/लर्निङ डिसएबिलिटि ट्रष्ट वा एम्बुलेन्स सेवा नै होस, भएमा सुनुवाई गर्दछ वा तपाईले आफ्नो गुनासाहरु त्यहां लगेर भन्न सक्नुहुन्छ।

यदि तपाईलाई यस प्रकारको सहयोगको बारेमा बढि जानकारि चाहिएमा वा हाम्रो सेवाहरुको बारेमा वकिलसंग छलफल गर्न मन लागेमा कृपया यस टेलिफोनमा 01256 463758 वा वेभसाइटमा www.seap.org.uk मार्फत सम्पर्क गर्न सक्नुहुन्छ।

## मादक पदार्थ (ड्रग र अलकोहल)

मादक पदार्थ्को गहिरो लत बसेका व्यक्तिहरुको समस्याहरुलाई कम गर्नका लागि कार्यरत नेतृत्वदायि संस्था फोनिक्स फ्यूचर हो। यसले इङ्गलैण्ड र स्कटलैण्ड बसोबास गर्ने समुदायविचमा, जेलमा कैदि भएकाहरुलाई आफ्ना सेवाहरु प्रदान गर्दछ। साथै पुर्नजन्मतिर लागेका हेरक व्यक्तिहरुलाई प्रत्येक तहमा आफ्ना सेवाहरु प्रदान गर्दछ। यो यूकेको एक यस्तो संस्था हो जसले दुरुपयोगमा लागेकाहरुको परिवर्तनको निम्ति काम गर्दछ। यस संस्थाले सडकमा भएकाहरुलाई उठाएर पुर्नस्थापित गराउन सक्ने सम्मको दक्षतामा विद्धि गरेको आफैमा घमण्ड गर्दछ। फोनिक्स फ्यूचरको सम्पर्क ठेगाना: च्यापल हाउस, किङ्सक्लेयर रोड, बेजिङ्स्टोक आरजि २१ ६यूजि।

टेलिफोन: 01256 358753/07772 610905,

फ्याक्स: 01256 335946, पूर्नस्थापीत भएपछि: 07772 599953

# सुरक्षित रहने

हेमशायर कन्सटबुलेरि द्वारा बेजिङ्स्टोकमा कानूनको पालना गर्न लगाइन्छ। बेजिङ्स्टोकको प्रहरि चौकि बेजिङ्स्टोक टाउन सेन्टरमा छ।

निम्न लिखित प्रहरि चौकिहरु बेजिङ्गस्टोक तथा डिन जिल्लामा छन् :

बेजिङ्गस्टोक पुलिस स्टेशन, लण्डन रोड, बेजिङ्गस्टोक, आरजि२१ ४एडि

ओल्ड बेजिङ्ग अफिस, बेले भ्यू रोड, बेजिङ्ग

विह्टचर्च पुलिस स्टेशन, डान्सेस लेन, विह्टचर्च, आरजि२८ ७इजि

ट्याडली पुलिस स्टेशन, मलफोर्डस हिल, ट्याडली आरजि२६ ६एचजेड

बेजिङ्गस्टोक र डिन बोरो काउन्सीलको समुदाय सुरक्षा टोलिले प्रहरिहरुसंगको साझेदारिमा समुदाय सुरक्षा सम्बन्धी सवालहरुमा सल्लाह तथा सहयोग प्रदान गर्ने कार्य गर्दछ। तिनिहरु तपाई बसोबास गर्ने क्षेत्रमा प्रहरि सम्बन्धी कुनै सवालहरु छन कि छैनन भनेर जान्नलाई धेरै उत्सुक हुन्छन् किनभने उक्त सवालहरु समाधान गर्नका लागि स्थानीय बासिन्दाहरुसंग मिलेर कार्य गर्नका लागि साथै तपाइ बसोबास गर्ने क्षेत्र बस्न लायक छ कि छैन भनेर यकिन गर्न। कम्युनिटि सेफ्टी टिमको सम्पर्क फोन नं. 01256 844844 वा इमेल email: community.safety@basingstoke.gov.uk

## अपराध रिपोर्ट गर्नु

यदि कुनै पनि प्रकारको अपराधका घट्नाहरु हुन लागिरहेको छ वा भर्खर भएको छ भने इमरजेन्सी नं. ९९९ मा डायल गरेर पुलिसलाई माग्नु पर्छ।

साधारण प्रकारका घट्नाहरुको जस्तैः: तोडफोड, सडकको बत्ति फुटाल्ने, गाडिहरु जताततै छोड्ने वा चोरि गर्ने, र असामाजिक व्यवहारहरुका क्रियाकलापहरु आदि रिपोर्ट गर्नका लागि तपाइले १०१ मा डायल गर्न सक्नुहुन्छ।

यूकेमा मानिसहरुलाई आफूले देखेका वा भोगेका अपराधहरु व शंकास्पद व्यवहारहरु जुन अपराधमा परिणत हुन सक्ने हुन्छन तिनिहरुको रिपोर्ट गर्नका लागि उत्साहित गरिन्छ। तपाईले आफ्ना स्थानिय प्रहरि अधिकृतहरुसंग प्रहरि कार्यालयमा सम्पर्क गरि कुराकानि गर्न सक्नुहुन्छ वा विस्तृत जानकारिका लागि वेभसाइट हेर्न सक्नुहुन्छ: www.crimestoppers-uk.org.

## घरायसि शोषण

जब परिवारका एक सदस्यले अर्को सदस्यलाई मौखिक, शारिरीक, भावनात्मक वा यौन आदि रुपमा शोषण गर्दछ भने त्यसलाई घरायसि शोषण वा अत्यचार भएको ठहरिन्छ। यदि यस्ता किसिमका घट्नाहरुको बारेमा तपाइ प्रहरिकोमा जान चाहानुहुन्न भने अन्य संगठनहरु पनि छन जसले तपाइलाई सहयोग प्रदान गर्दछ। महिला तथा बालबालिकहरुले नेशनल डोमेस्टिक भायोलेन्समा फोन गरेर सहयोग प्राप्त गर्न सकिन्छ। फोन नं. ०८०८ २००० २४७, फोन लाइन २४ घण्टा खुल्ला हुन्छ, । तिनिहरुले तपाइलाई लोकल सर्भिसेज एण्ड सेफ हाउसेस मा रेफर गरिदिनछ जसलाई रिफ्युजिस भनिन्छ। यदि तपाइलाई अनुवादकको आवश्यकता परेमा तिनिहरुले उपलब्ध गराइदिन्छन्।





पुरुषहरुले पुरुषकै हेल्प लाइनमा निशुल्क नं. ०८०८ ८०१ ०३२७ मा सम्पर्क गरेर सहयोग प्राप्त गर्न सक्नुहुनेछ ।

भिक्टिम सर्पोट एक च्यारेटि संस्था हो यसले अपराधबाट पिडितहरुलाई सहयोग प्रदान गर्दछ । सहयोग पाउनका लागि कृपया यस नं. ०१२५६ ८२३८६० मा सम्पर्क गर्नुहोस् ।

## घृणित अपराध

अर्को व्यक्ति वा तिनिहरुको सरसम्पत्तिको विरुद्ध घृणा गरिनु मात्र तिनिहरु अर्कै समुदायका भएका कारण पनि एक अपराधिक क्रियाकलाप भित्र पर्दछ । यदि तपाइलाई लाग्दछ कि तपाई भिन्न समुदाय, जाति, रंग, धर्म, लिङ्ग भएका कारण त्यसता घट्ना बाट पिडित भएको जस्तो लागेमा वा त्यसतो घट्ना भएको देखेमा तपाइले प्रहरिलाई सम्पर्क गर्न सक्नुहुनेछ । यदि इमरजेन्सि भएमा ९९९ मा डायल गर्नुहोस अन्यथा ०८४५ ०४५ ४५४५ मा सम्पर्क गरि तपाइ जहां बस्नुहुन्छ त्यो क्षेत्रको सेफर नाइवरहुड टिमका अफिसर संग बोल्नुहोस ।

# इमरजेन्सि (आकस्मिक)

आगलागि, पुलिस र मेडिकल इमरजेन्सि

जब कोहि समस्यामा परेको देख्नुहुन्छ वा आफै समस्यामा पर्नुहुन्छ त्यसबेला सहयोगको लागि इमरजेन्सि सेवाहरु जस्तै दमकल, प्रहरि, एमबुलेन्स वा लाइफबोटमा फोन गर्दा पैसा तिर्नु पर्दैन ।

निम्न प्रकारका समस्याहरुमा फसेको कसैलाई देख्नुभएको छ वा आफै पर्नु भएको छ भने यूकेको इमरजेन्सि नं. ९९९ मा डायल गर्नुहोस वा इन्टरनेशनल डिसट्रेस नं. ११२ मा डायल गर्नुहोस।

- आगलागि भएको छ भने
- कोहि पानिमा डुबि रहेको छ वा अन्य समस्या परेको छ भने
- जीवन जोखिममा छ भने वा गहिरो चोटपटक लागेको छ भने
- हिंसा वा अत्याचार भएको छ भने
- अपराधी क्रियाकलाप तपाईको आखा अगाडि हुदैछ
- वा नजिकै भएको छ भने ।

यदि तपाइले इमरजेन्सि नं. मा फोन गर्नुहुन्छ भने कस्तो प्रकारको सेवा तपाइलाई चाहिएको हो, तपाइको नाम र ठेगाना, तपाइले फोन गरेको फोन नं., के भएको हो र कहां इमरजेन्सि घट्ना भएको हो आदि सबै कुरा स्पष्टसंग अंग्रेजिमा बताउन सक्ने हुनुपर्दछ। तपाइलाई इमरजेनिस सेवा त्यहां आइपुगुन्जेल सम्म फोनमा नै रहिरहन भन्नु सक्छ।

प्रहरि सेवा तथा कानूनहरुको बारेमा विस्तृत जानकारि प्राप्त गर्नका लागि अंग्रेजि र पोलिस भाषमा नया गाइड निम्न वेभसाइटमा उपलब्ध छ:
http://www.hampshire.police.uk/
Internet/advice/A+guide+to+living+and+working+
in+Hampshire+and+the+Isle+of+Wight.htm

## स्वंयसेवा

स्वंयसेवकहरुले समुदायको सहयोगको लागि आफ्ना समयहरु निःशुल्करुपमा प्रदान गर्दछन्। तिनिहरुले जे पनि गर्न सक्दछन्। जस्तैः बृद्ध छिमेकिहरुलाई तिनिहरुको सपिङ्ग गर्न सहयोग गरेर होस वा स्थानीय च्यारेटिलाई कानूनि सल्लाह प्रदान गरेर होस। स्वंयसेवकहरुले सामुदायिक जीवनका हरेक पक्षहरुमा उत्थानका लागि महत्वपूर्ण योगदान दिएका हुन्छन्। यस कार्यमा लाग्दा विभिन्न महत्वपूर्ण सिपहरु सिक्ने र विकास गर्ने जसले रोजगार प्राप्तिका लागि अवसर पनि प्रदान गर्दछ साथ साथै नया नया साथीहरु बनाउने, रमाइलो गर्ने र स्थानीय समुदायको बारेमा जानकारि पाउने आदि फाइदाहरु पनि पुर्‍याउदछ।

स्थानीय स्तरमा स्वंयसेवकको अवसरहरुका बारेमा जानकारि हासिल गर्नका लागि यो वेभसाइट हेर्न सकिन्छः www.do-it.org.uk. वैकल्पिकरुपमा बेजिङ्गस्टोक र डिन भोलिन्टियर सेन्टर,, द अर्केड, ह्वाइट हार्ट लेन, बेजिङ्गस्टोक आरजि २१ ४एएफ, वा फोन नं. 01256 423850 or 423800.





# विजनेस डिभलपमेन्ट र इन्टरप्राइज एजेन्सी

व्यवसाय तथा इन्टरप्राइज विकास गर्ने कार्य प्रायजसो एक चुनौति हुन सक्छ। यूकेमा व्यवसाय शुरुवात गर्नका लागि सूचना तथा सहयोग चाहिएमा बेजिङ्गस्टोक तथा डिन बोरो कान्सीलको फोन नं. 01256 844833 मा फोन गर्न सक्नुहुन्छ वा वेभसाइट हेर्न सक्नुहुन्छः www.basingstoke.gov.uk.

सूचना तथा सहयोगका अन्य श्रोतहरु निम्न लिखित ठेगाना बाट प्राप्त गर्न सकिन्छः

## विजनेस लिंक इन द साउथ इष्ट

पाचौ तला
हलिउड हाउस
चर्च स्ट्रिट इष्ट वकिङ
सरे जियु२१ ६एचजे

टेलिफोन: ०८४५ ६००० ९ ००६ वा
इमेलः info@businesslinksoutheast.co.uk

## इन्टरप्राइज फर्स्ट

११ विलिङटन स्ट्रिट
अल्डरसोट
हेमशायर
जियु११ १डिएक्स

०८४५ ४५८७५३५
इमेलः Email: info@enterprisefirst.co.uk

इथनिक माइनोरिटि समुदायका मानिसहरुलाई जस्तो प्रकारका व्यवसाय वा इन्टरप्राइजेज संचालन तथा विकास गर्नुपर्ने त्यसै अनुसारको सहयोग इन्टरप्राइज सोल्युसनले विशिष्ट सहयोग तथा सल्लाह प्रदान गर्दछ। तिनिहरुले स-साना व्यवसाय शुरुवात गर्न, चलिरहेको व्यवसाय बढाउन र सामाजिक इन्टरप्राइजेजका लागि आवश्यकिय सिप, ज्ञान र क्षमतामा अभिवृद्धि गर्नका निम्ति सहयोग प्रदान गर्दछ।

## इनटरप्राइज सोल्युसन

ग्रोभ हाउस
लुटेन्स क्लोज
बेजिङ्गस्टोक आरजि२४ ८एजि
टेलिफोन: 01256 338451 वा इमेल: info@entsols.org

**नर्थ हेमशायर च्याम्बर अफ कमर्श एण्ड इण्डष्ट्री** एक स्वतन्त्र, नाफारहित, गैर राजनितिक हो। यसमा सम्पूर्ण क्षेत्रको कमर्श र इण्डष्ट्रीका व्यवसाय र संगठनहरु संलग्न छन्। यसलाई व्यवसायले व्यवसायद्वरा व्यवस्थापन तथा स्वामित्वमा लिएको छ। यसले व्यवसाय सम्बन्धी सेवाहरु, नेटर्वकिङ्ग संचालन र व्यवसायिक सवालहरुमा सरकारसंग लबि गर्ने जस्ता कार्यहरु गर्दछ। यो तपाईको मातहतमा रहेर स्थानीय, क्षेत्रिय र राष्ट्रियस्तरमा वकालत गर्नका लागि ठूलो फोरम छ भने तपाइको व्यवसायलाई चाहिने खाल्का स्थानीय ज्ञान र सूचनाहरु राख्न वा प्रदान गर्न पनि उत्तम छ। यो क्षेत्रिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय नेटवर्कको एक भाग हो। यो नर्थ हेमशायरको एक नेतृत्वदायि विजनेस सर्पोट अरगनाइजेसन हो र तपाइको क्षेत्रको शक्तिशालि विजनेस क्लब हो। यस नेटवर्कको एक सदस्य वा भाग बनिनका लागि बिजनेस सर्पोट सेन्टर, डिनको विल्डिङ्ग, लण्डन रोड, बेजिङ्गस्टोक, आरजि२१ ७वाइपि मा सम्पर्क गर्नुहोस वा यस फोन नं. मा ०१२५६ ३५२२७५ मा फोन गर्नुहोस वा वेभसाइट हेर्नुहोस: www.nhcci.co.uk

**विमेन विसडम इनटरप्राइजले** महिलाहरुको लागि विशिष्ट किसिमको व्यवसायिक सहयोग उपलब्ध गराउदछ।

सुट १
ब्लेण्डवर्थ फार्महाउस
ब्लेण्डवर्थ
नर्थ होर्नडिन
पिओ८ ०एजि
टेलिफोन: 0800 781 8597 or 02392 412 956 or email: enquiries@womenswisdom.co.uk
www.womenswisdom.co.uk





# संलग्न हुने

## कला, खेलकुद र खालि समय (लिजर)

तपाइ र तपाइको परिवारका लागि बेजिङ्गस्टोक बोरोमा लिजर, कला, खेलकुद सम्बन्धी क्रियाकलापहरुको जानकारिका बेजिङ्गस्टोक एण्ड डिन बोरो काउन्सीलको वेभसाइट हेर्न सक्नुहुनेछ: www.basingstoke.gov.uk/leisure वा फोन नं. मा ०१२५६ ८४४८४४ फोन गर्न सक्नुहुनेछ ।

खेलकुद सम्बन्धी जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोस:
**बेजिङ्गस्टोक र डिन लोकल स्पोर्टस काउन्सील**

३ ड्रागनफ्लाई ड्राइभ

लिचपिट

बेजिङ्गस्टोक

ह्यान्ट्स, आरजि२४ ८आरयु

टेलिफोनः 01256 811478 (बेलुका) अथवा 07796 491667

वेभसाइटः www.basingstokelsc.org.uk/ इमेल basingstokelsc@btinternet.com

स्पोर्ट हेमशायर एण्ड आइसल अफ विट ले पनि यसको वेभसाइटमा स्पोर्टस क्लबहरुको डाइरेक्ट्री, क्रियाकलापहरु र कोचिङ कोर्षहरुको बारेमा प्रकाशन गर्दछ । वेभसाइटः www.sporthampshireiow.co.uk अथवा फोन गरेर पनि जानकारि प्राप्त गर्न सकिन्छ :

01962 845178.

## कम्युनिटि सेन्टर

स्थानीय कम्युनिटि सेन्टर र यसका गतिविधिहरुको बारेमा सूचना लोकल कम्युनिटिको वेभसाइटमा पाइन्छ कृपया हेर्नुहोलाः www.basingstoke.gov.uk/community/comcentres वा फोन मार्फत पनि जानकारि लिन सक्नुहुन्छ 01256 844844.

## सामुदायिक समुहहरु र च्यारेटि (बिभिएस)

बेजिङ्गस्टोक भोलिन्टरि सर्भिसेस संग पनि बेजिङ्गस्टोक र डिन बोरोको स्थानीय सामुदायिक संगठनहरु र च्यारेटिका क्रियाकलापहरु र सेवाहरुको डायरेक्ट्री छ।

टेलिफोन: ०१२५६ ४२३८००

वेभसाइट: www.voluntaryservices.com
Email: bvs@voluntaryservices.com

बेजिङ्गस्टोक भोलिन्टरि सर्भिसेस ले सामुदायिक समुहहरु गठन गर्नका लागि सहयोग गर्दछ । तिनिहरुले सामुदायिक समुहहरुलाई समुदायको सेवा तथा अन्य क्रियाकलापहरु गर्नका लागि चाहिने बजेट मा पहुँच पुँग्न सहयोग गर्दछ।

बिभिएस सम्पर्क नं. ०१२५६ ४२३८१६ अथवा इमेल:
BVS@voluntaryservice.com

## स्वंयसेवक

स्वंयसेवकले कहिलेकाहि अरुलाई सहयोग गर्दा नौलो व्यक्तिहरुसंग भेट्ने, स्थानीय समुदायलाई नजिकबाट चिन्ने र आफूले जानेको ज्ञान र सिप बाढ्ने एक सुनौलो अवसर प्राप्त हुन्छ। सम्पर्क ठेगाना विस्तृतरुपमा माथि उल्लेख गरिएको छ।

## यूवाहरुको संलग्नता

भिनभोल्भ्ड ले १६ वर्ष देखि २५ वर्ष सम्मका यूवाहरुलाई स्वंयसेवक हुनका लागि सहयोग गर्दछ साथै समुदायमा संलग्न हुन र यूवा निर्देशित सामुदायिक परियोजना बनाउन सहयोग गर्दछ।

भिनभोल्डको सम्पर्क नं. ०१२५६ ४२३८२१ वा इमेल:
vteam@voluntaryservices.com

## बेजिङ्गस्टोक गन्तव्यस्थल

सूचनाहरुको अर्को भरपर्दो श्रोत भनेको डेसटिनेसन बेजिङ्गस्टोकको वेभसाइट पनि हो:
www.destinationbasingstoke.co.uk



# काला तथा इथनिक माइनोरिटि समुदायका मानिसहरुलाई सेवाहरु



बेजिङ्गस्टोक तथा डिन बोरो काउन्सीलको सामुदायिक विकासको लक्ष्य अनुसार स्थानीयस्तरमा बसोबास गर्ने काला तथा इथनिका माइनोरिटि समुदायका जनताहरुलाई सेवा तथा सहयोगहरु उपलब्ध गराउदछ ।

उक्त काउन्सीलले कम्युनिटि डिभलपमेन्ट अफिसर (ब्ल्याक एण्ड माइनोरिटि इथनिक ग्रुप्स -बिएमई) लाई नियुक्त गरेको छ जसले निम्न लिखितको भुमिका तथा जिम्मेवारि निर्वाह गर्नुपर्दछः

बेजिङ्गस्टोक बोरो तथा डिनको लक्ष्य तथा योजना मुताबिक इथनिक माइनोरिटिका समुदायहरु, व्यक्तिहरु, समुहहरु र संगठनहरु संग सम्पर्क विस्तार गर्ने ।

- बिएमईका जनताहरुले सामना गरेका चुनौतिहरुको बारेमा बुझ्ने, समस्याको उचित समाधानका निम्ति तिनिहरुसंग मिलेर काम गर्ने, स्थानीयस्तरमा हुने हेरक प्रकारका कार्यक्रमहरुमा तिनिहरुको पूर्ण र सक्रिय किसिमको सहभागिता गर्न सक्षम बनाउने ।
- स्थापित समुहहरुलाई स्थानीय स्तरका विविध प्रकारका आवश्यकताहरु परिपूर्ति गर्नका निम्ति आवश्यक सहयोग तथा सल्लाह प्रदान गर्ने
- सम्पूर्ण बेजिङ्गस्टोक तथा डिन क्षेत्रका सुविधा तथा भलाइका निम्ति साझेदारिको विकास तथा सुदृढिकरण गर्ने
- बेजिङ्गस्टोक मल्टिकल्चरल फोरमलाई सहयोग तथा सल्लाह दिने

विस्तृत जानकारिका निम्ति कृपया सम्पर्क राख्नुहोसः

इस्लाम जलैता सिभिक अफिसेस,
लण्डन रोड, बेजिङ्गस्टोक आरजि२१ ७एएच

टेलिफोनः ०१२५६ ८४५३२५ , मोबाइलः ०७८७६ १३७९१६ वा इमेल email: islam.jalaita@basingstoke.gov.uk

# बेजिङ्गस्टोकमा रहेका इथनिक माइनोरोटि कम्यूनिटि समुहहरु

धैरे जसो समुहहरुले संस्कृतिक क्रियाकलाप तथा सेवाहरु तिनिहरु जुन सांस्कृतिक समुदायबाट प्रतिनिधित्व गर्दछन त्यसै अनुसार प्रदान गर्दछ।

## बेजिङ्गस्टोक मलाएलि कल्चरल एसोसिएसन

टेलिफोन: 07894541212/07825169330 इमेल: email: Basingstokemca@yahoo.co.uk

## नर्थ हेमशायर क्यारेबियन एण्ड अफ्रिकन नेटवर्क

द अर्केड व्हाइट हार्ट लेन
बेजिङ्गस्टोक हेमशायर आरजि२१ ४एएफ
सम्पर्क नं. 07852 111126
इमेल: nhcanbusiness@yahoo.co.uk
वेभ ठेगाना: www.nhcan.com

## बेजिङ्गस्टोक हिन्दु सोसाइटि

कार्निभल हल काउन्सील रोड
बेजिङ्गस्टोक आरजि २१ ३डिएच फोन नं. ०१२५६ ४६४०३१ वेभसाइट www.b-h-s.co.uk

## बेजिङ्गस्टोक नेपलिज कम्युनिटि

द गोर्खा ग्रोसरि
९ विनटन स्क्वायर
बेजिङ्गस्टोक आरजि २१ ८इडब्लु ०७८ ५३३५६५ ३८
email: igrg78@hotmail.com
www.basingstokenepalesecommunity.com

## बेजिङ्गस्टोक सिख गुरद्वारा

२०७ लोअर ब्रुक स्ट्रिट
बेजिङ्गस्टोक
आरजि २१ ७आरआर

## बेजिङ्गस्टोक सिख सोसाइटि

email: info@basingstokesikhs.co.uk
www.basingstokesikhs.co.uk

## बेजिङ्गस्टोक अलबिर मोस्क (मस्जिद) (मुसलमान समुदाय)

३५-३७ सारम हिल
बेजिङ्गस्टोक
आरजि२१ ८एसएस
टेलिफोन: 01256 324859 वा
email: imam@basingstokemosque.org.uk
www.basingstokemosque.org.uk

## फेलोसिप डायलोग सोसाइटि (टर्किस समुदाय)

email: info@fellowshipdialogue.net

www.fellowshipdialogue.net

## बेजिङ्गस्टोक मल्टिकल्चरल ग्रुप फर विमेन एण्ड चिल्ड्रेन

द आर्केड

व्हाइट हार्ट लेन
बेजिङ्गस्टोक
हेमशायर आरजि२१ ४एएफ
email: BMCG@multicultural.org.uk
www.multicultural.org.uk

## न्यू टेस्टामेन्ट चर्च अफ गड (धैरैको संख्यामा अफ्रिकन तथा क्यारेवियन मुलका नागरिकहरु यस चर्चमा उपस्थित हुने गर्दछन्)

मिनिष्टर: श्री ग्राहाम ओवेन
पोपले फिल्ड कम्युनिटि सेन्टर
कारपेन्टर्स डाउन
बेजिङ्गस्टोक
आरजि२४ ९एइ
टेलिफोन: **01256 363692** वा email: info@ntcog.co.uk
www.ntcog.co.uk

## बेजिङ्गस्टोक हामरा क्लब

कार्निभल हल
काउन्सील रोड
बेजिङ्गस्टोक
आरजि२१ ३डिएच
टेलिफोन: 01256464031

## बेजिङ्गस्टोक पोलिस कम्युनिटि एशोसिएसन

द आर्केड
व्हाइट हार्ट लेन
बेजिङ्गस्टोक
हेमशायर आरजि२१ ४एएफ
Email: basingstokepolishcommunity@googlemail.com

## बाम्बुई यूके डिभलपमेन्ट एशोसिएसन (बियुकेडिए)

५२ गुएर्नसे क्लोज
पोपले
बेजिङ्गस्टोक
आरजि२४ ९पिएस
Email: bukdacharity@yahoo.co.uk
www.bukda.org

बेजिङ्गस्टोक केसेन्ट एशोसिएसन (मुसलमान समुह)

द आर्केड
ह्वाइट हार्ट लेन
बेजिङ्गस्टोक
हेमशायर आरजि२४ ४एएफ
Email: info@basingstokecrescent.org
www.basingstokecrescent.org

बेजिङ्गस्टोक मल्टिकल्चरल फोरम

बेजिङ्गस्टोकमा स्थित समुहहरु स्थापना हुनको कारण बोरोमा बसोबास गरेका विभिन्न धर्म र संस्कृति अंगालेका समुदायहरुविच विभिन्न किसिमका सांस्कृतिक, धार्मिक, सामाजिक र शैक्षिक कार्यक्रमहरुको आयोजना गरि एक अर्कामा आदान प्रदान गरि एक अर्काको संस्कृतिहरु प्रवर्द्धन गर्न प्रोत्साहन गर्नु हो । यसले एकअर्कामा सम्पर्क विस्तार गर्ने तथा अन्य स्वयसेवक संस्थाहरु र स्थानिय अधिकारिक नेटवर्कहरुसंग छलफल तथा परामर्श गर्ने लक्ष्य राखेको छ । त्यसै अनुसार सांस्कृतरुपमा विविध समुदायहरुले आफ्ना सवालहरुको उठान गर्नका लागि मुख्य माध्यम बन्न सहयोगि हुन्छ ।.

उक्त समुहले सबैजना समेटिने सदस्यतामा विश्वास राख्दछ र जो बिएमइको सम्पर्कमा आउछ वा भविष्यमा आउने चाहान राख्दछ  चाहे त्यो काला होस वा गोरा सबैलाई सदस्यताको लागि स्वागत गर्दछ ।

यदि तपाइ वा तपाइका समुदाय जो माथि उल्लेखित कुराहरुमा प्रवर्द्धन गर्न चाहान्छ वा त्यसको उद्देश्य प्राप्तिका निम्ति केहि सहयोग प्रदान गर्दछ भने फोरमका बारेमा विस्तृत जानकारिका लागि कृपया तलको ठेगानामा सम्पर्क गर्नुहोला ।

बेजिङ्गस्टोक मल्टिकल्चरल फोरम एडमिनिष्ट्रेटर

द अर्केड, व्हाइट हार्ट लेन, बेजिङ्गस्टोक, हेमशायर, आरजि२१ ४एएफ

टेलिफोन: 01256 845325 or
email: multicultural.forum@voluntaryservices.com

# बेजिङ्गस्टोकमा विश्वासि (फेथ ग्रुप) समुह

रोमन क्याथोलिक (धेरैको संख्यामा पोलिसबासिहरु यस चर्चमा उपस्थित हुन्छन्)
फादर डोमिनिक गोल्डिङ
शेरबोर्न रोड
बेजिङ्गस्टोक
हेमशायर
आरजि२१ ५टिडि

टेलिफोन: 01256 465214

## न्यू टेस्टामेन्ट चर्च अफ गड

प्रवेशका लागि माथि हेर्नुहोस

## बेजिङ्गस्टोक अलबिर मस्जिद (मुसलमान समुदाय)

प्रवेशका लागि माथि हेर्नुहोस

## बेजिङ्गस्टोक शिख गुरद्वारा

प्रवेशका लागि माथि हेर्नुहोस

## बेजिङ्गस्टोक हिन्दु समाज

कार्निभल हल काउन्सील रोड बेजिङ्गस्टोक आरजि२१ ३डिएच

टेलिफोन: 01256 464031 www.b-h-s.co.uk/





## शान्तिका लागि यूवा (युथ अफ पिस)
## - बेजिङ्गस्टोक इनटरफेथ युथ ग्रुप

द युथ अफ पिस (औपचारिकरुपमा द बेजिङ्गस्टोक इन्टरफेथ युथ ग्रुप) ले ११ वर्ष देखि १९ वर्ष उमेर सम्मका यूवाहरुलाई तिनिहरु बसोबास गर्ने क्षेत्र र समुदायको बारेमा, विभिन्न संस्कृति र धर्मका बारेमा साथित्वको माध्यमबाट सिक्ने सिकाउने अवसर प्रदान गर्दछ। यूवाहरुलाई सामुदायिक कार्यमा वा परियोजनामा संलग्न गराउन प्रोत्साहित गरिन्छ किनकि त्यसले सामाजिक सवालहरुको बारेमा चेतना दिन्छ साथै समाजमा मिलेर बस्नुपर्दछ भन्ने सन्देश दिन्छ। यदि तपाइलाई माथिका कुरा राम्रो लागि त्यसको प्रवर्द्धन गर्न मन लागेमा वा तपाइलाई उक्त कार्यमा केहि योगदान पुऱ्याउन सक्छु जस्तो लागेमा वा युथ अफ पिसको बारेमा कुनै पनि प्रकारको जानकारि हासिल गर्न मन लागेमा कृपया निम्न ठेगानामा सम्पर्क राख्नुहोला:

इस्लाम जलैता, कम्युनिटि डिभलपमेन्ट अफिसर (बिएमइ) टेलिफोन: ०१२५६ ८४५३२५ वा ०७८७६१३७९१६ वा इमेल: islam.jalaita@basingstoke.gov.uk

# सांस्कृतिक (इथनिक) खाद्यन पसल

डेलिसिमो इटालियन डेलि - बेजिङ्गस्टोक

२३ चर्च स्ट्रिट
बेजिङ्गस्टोक हेमशायर
आरजि२१ ७क्युक्यु
टेलिफोन: ०१२५६ ८१७८८७

टुपेन्स अ बाइट – अफ्रिकन र क्यारेबियन खाना

१ न्यू स्ट्रिट
बेजिङ्गस्टोक
आरजि२१ ७डिइ
टेलिफोन: ०१२५६ ४६६००८

## फाष्टफेयर कनभिनियन्स स्टोर

एबे रोड, बेजिङ्गस्टोक,
आरजि२४ ९डिवाई
टेलिफोन: 01256 323679

## टुडे्ज लोकल स्टोर

२ फोरसिथिया वाक
ओकरिज भिलेज
बेजिङ्गस्टोक
आरजि२१ ५एलजि
टेलिफोन: 01256 324411

## मारयाल्का पोलिस डेलिi

४ फिर्दस लेन
बेजिङ्गस्टोक
आरजि२१ ७क्यूक्यू
टेलिफोन: 01256 869520

## बिएनसि गोर्खा ग्रोसरि लिं/हलाल मिट

९ विनटन स्क्वायर
बेजिङ्गस्टोक
आरजि२१ ८इडब्ल्यू
टेलिफोन: 01256 464640

## न्यू क्यास एण्ड करि/हलाल मिट

यूनिट २ एंकर कोर्ट
३४ लण्डन रोड
बेजिङ्गस्टोक
आरजि२१ ७एनवाई

## आस्दा सुपरस्टोर (वर्ल्ड फुड आइसले)

ब्राइटन वे
बेजिङ्गस्टोक
आरजि२२ ४डिएच
टेलिफोन: 01256 375100



# तपाइको राय/विचार

यस गाइडमा उल्लेख सूचनाहरु उपयोगि र सत्य छन कि छैनन कृपया हामिलाई आफ्नो विचार भन्नुहोस जसले हामिलाई भविष्यमा अझ बढि सुधार गर्नलाई सहयोग पुग्दछ। तपाइले हामिलाई इमेल पठाउन सक्नुहुन्छ, इमेलः [bvs@voluntaryservices.com](mailto:bvs@voluntaryservices.com) वा फोन गरेर पनि आफ्नो कुरा व्यक्त गर्न सक्नुहुनेछः 01256 423800

पुस्तक प्रकाशनमा विविध माध्यमबाट सहयोग पुऱ्याउने

Basingstoke and Deane

Basingstoke Voluntary Services

Basingstoke Area Strategic Partnership
Working together for our communities

Hampshire Constabulary

Sentinel Housing Group

Basingstoke and North Hampshire NHS
NHS Foundation Trust

destination Basingstoke

